कात्तिक – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २३, अङ्क १३ | २०७१, कात्तिक १–१५ | पूर्णाङ्क ५३५ |
|---|---|---|





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं



फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुरप्रसाद सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त | ८ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | २२ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | १ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ८ | ८ |
| इजलास नं. ९ | ५ |
| इजलास नं. १० | २ |
| एकल इजलास | २ |
| रीत/बेरीत आदेश | ५ |
| अन्तरिम आदेश | ६ |
| जम्मा | ७० |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, कात्तिक – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

**विषयसूची**


| क.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| | **संयुक्त इजलास** | | **१-४** |
| १. | परमादेश | डा.यशोवर्धन प्रधान वि. भगवती क्षेत्री | |
| २. | परमादेश | दीपा जोशी वि. जिल्ला शिक्षा कार्यालय, बैतडीसमेत | |
| ३. | कर्तव्य ज्यान र जबर्जस्ती चोरी | श्रीहाङ्ग राईसमेत वि. नेपाल सरकार | |
| ४. | परमादेश | शिरमान बुढामगर वि. नेपाल सरकार | |
| ५. | उत्प्रेषण परमादेश | विद्यानन्द झा वि. जिल्ला शिक्षा कार्यालय, रौतहटसमेत | |
| ६. | अंश चलन | सीता मानन्धरसमेत वि. पुनमाया मानन्धर | |
| | **इजलास नं. १** | | **४-५** |
| ७. | जबर्जस्ती करणी | बिरू भन्ने वीरबहादुर मगर वि. नेपाल सरकार | |
| ८. | जबर्जस्ती करणी | बीरबहादुर मगर वि. नेपाल सरकार | |
| | **इजलास नं. २** | | **५-१५** |
| ९. | निषेधाज्ञा | असार माया राई (तामाङ) वि. परशुराम लामिछाने समेत | |
| १०. | उत्प्रेषण | शालिकराम अहिरसमेत वि. क्षेत्रपाल यादवसमेत | |
| ११. | निषेधाज्ञा | ब्रतलाल राजवंशी वि. जिल्ला प्रशासन कार्यालय, मोरङसमेत | |
| १२. | निषेधाज्ञा | कृष्णकुमार श्रेष्ठसमेत वि. मदनकुमार श्रेष्ठ | |
| १३. | उत्प्रेषण | प्रकाश सार्की वि. कञ्चनपुर जिल्ला अदालतका तहसिलदारसमेत | |
| १४. | निषेधाज्ञा | प्रेम महर्जन वि. पार्वती भण्डारीसमेत | |
| १५. | उत्प्रेषण परमादेश | मालपोत कार्यालय, बाँके वि. ज्ञानुदेवी उपाध्याय | |
| १६. | सवारी ज्यान | नेपाल सरकार वि. श्याम पाठक | |
| १७. | लुटपीट | दिनेशराय यादव वि. त्रिपुरारीदास वैरागी | |
| १८. | बहुविवाह | नेपाल सरकार वि. जानकी थापा | |
| १९. | लेनदेन | मोहनदेव जोशी वि. पदमबहादुर साउद | |
| २०. | नामसारी दाखिल खारेज | सरोज गौतमसमेत वि. कुमारप्रसाद गौतमसमेत | |
| २१. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. मनोजकुमार सिंहसमेत | |
| २२. | सम्बन्ध विच्छेद | डिल्लीराज खनाल वि. माया आचार्य | |
| २३. | सवारी ज्यान | नेपाल सरकार वि. कृष्ण थारू | |
| २४. | बन्दी प्रत्यक्षीकरण | अलि सैद ऐफान वि. नीमा के.सी.समेत | |
| २५. | मानाचामल नाता कायम | मीनाकुमारी मल्लसमेत वि. गुमा गिरी | |
| २६. | जबर्जस्ती करणी | लालबाबु भन्ने ललनकुमार यादव वि. नेपाल सरकार | |
| २७. | सवारी ज्यान | आसीराम माझी वि. नेपाल सरकार | |
| | **इजलास नं. ३** | | **१५-१६** |
| २८. | बन्दी प्रत्यक्षीकरण | नवराज बिष्ट वि. नेपाल खाद्य संस्थान, अञ्चल कार्यालय, धनगढीसमेत | |
| २९. | खुन डाँका कर्तव्य ज्यान | खड्ग काम्बाङ्ग लिम्बु वि. नेपाल सरकार | |
| | **इजलास नं. ४** | | **१६-१७** |
| ३०. | परमादेश | खड्गबहादुर रोकाया वि. प्रेमराज गिरीसमेत | |
| | **इजलास नं. ५** | | **१७-२०** |
| ३१. | प्रश्नपत्रको गोपनीयता भङ्ग गरेको | अजयकुमार यादव वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| ३२. | कर्तव्य ज्यान | ताराबहादुर घर्ती वि. नेपाल सरकार |
| ३३. | निषेधाज्ञा | महेन्द्रमान शाक्य वि. सानुछोरी शाक्य |
| ३४. | कर्तव्य ज्यान | भरत वि.क. वि. नेपाल सरकार |
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तपसी महतो |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. खड्गबहादुर सिदालीमगर |
| **इजलास नं. ६** | | २०-२१ |
| ३७. | अदालतको अवहेलना | अम्बिकादेवी श्रेष्ठ वि. कृष्णमुरारी ढकाल |
| ३८. | अंश नामसारी | मानिराम ढाडीसमेत वि. गोबर्धनप्रसाद ढाडी |
| **इजलास नं. ८** | | २१-२३ |
| ३९. | कर्तव्य ज्यान | मनिसा राई वि. नेपाल सरकार |
| ४०. | जबर्जस्ती करणी | यदुकुमार भन्ने यदुलाल सुनार वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | २३-२५ |
| ४१. | निषेधाज्ञा परमादेश | रामेश्वरी कँडेलसमेत वि. कृषि विकास बैङ्क, कालिमाटीसमेत |
| ४२. | लुटपीट | हरिकृष्ण यादव वि. सरयुग यादवसमेत |
| ४३. | निषेधाज्ञा | देवनारायण महर्जन वि. नारायणकृष्ण भुसालसमेत |
| ४४. | निषेधाज्ञा | छबु मियाँ वि. कुलानन्दप्रसाद साहसमेत |
| ४५. | उत्प्रेषण परमादेश | दुखीप्रसाद हलुवाई वि. स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुर |
| **इजलास नं. १०** | | २५-२६ |
| ४६. | उत्प्रेषण निषेधाज्ञा परमादेश | विनोदबहादुर कुँवर वि. मञ्जु थापा |
| ४७. | उत्प्रेषण | हरिबहादुर थापामगर वि. पुनरावेदन अदालत, जनकपुरसमेत |
| **एकल इजलास** | | २६-२७ |
| ४८. | उत्प्रेषण | रविविक्रम शाह वि. ऋण उपभोक्ता संघ नेपाल केन्द्रीय कार्यालय चाबहिलसमेत |
| ४९. | प्रतिषेध | रणबहादुर तामाङ वि. चिहानडाँडा पानीघाट सामुदायिक वन उपभोक्ता समूह, काभ्रेसमेत |
| **रीत/बेरीत आदेश** | | २७-२८ |
| ५०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. सागर भण्डारीसमेत |
| ५१. | ज्यान मार्ने उद्योग | आशिष पराजुली वि. नेपाल सरकार |
| ५२. | अंश दपोट | ज्योतिकाजी सेलालिक वि. दानरत्न सेलालिक |
| ५३. | उत्प्रेषण | उमेश फुँयाल वि. गृह मन्त्रालयसमेत |
| ५४. | उत्प्रेषण परमादेश | दानमाया राई वि. काठमाडौं जिल्ला अदालतसमेत |
| **अन्तरिम आदेश** | | २८-३० |
| ५५. | उत्प्रेषण | लाक्पा तामाङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |
| ५६. | उत्प्रेषण | धर्मेन्द्रकुमार खिड्हरि वि. पुनरावेदन अदालत, जनकपुरसमेत |
| ५७. | उत्प्रेषण | नरेन्द्रबहादुर खत्री के.सी. वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |
| ५८. | उत्प्रेषण | सुनिलकृष्ण श्रेष्ठ वि. गृह मन्त्रालयसमेत |
| ५९. | उत्प्रेषण | महेश शर्मा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रामकुमार प्रसाद शाह,** ०६७-CI-११०६, परमादेश, *स्वास्थ्य सेवा विभागका तर्फबाट डा. यशोवर्धन प्रधान वि. भगवती क्षेत्री*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(१) (२) र (३) अनुसारको अवधिसम्म दुर्गम स्थानमा बसेको साथै सो स्थानमा रही उपचार हुन नसक्ने रोग लागेको भनी मेडिकल बोर्डबाट समेत सिफारिस भई आएको अवस्थामा उपचार हुने स्थानमा सरूवा गरिपाउनको लागि सम्बन्धित निकाय विपक्षी विभागसमक्ष निवेदनसमेत दिइसकेको अवस्था देखिँदा त्यस्तो निवेदनउपर कुनै सुनुवाइ नगरी अनिर्णयको अवस्थामा राख्नु न्यायिक दृष्टिबाट उचित मान्न मिल्दैन । त्यसकारण उक्त निवेदनउपर यथाशीघ्र निर्णय गरी निवेदिकालाई सोको जानकारी गराउनु विपक्षीहरूको कानूनी कर्तव्य र दायित्व देखिँदा निवेदिकाले सरूवा गरिपाउँ भनी मिति २०६७।३।२५ मा विपक्षी स्वास्थ्य सेवा विभागसमक्ष दिएको निवेदनको सम्बन्धमा कुनै कारवाही भएको नदेखिँदा यथाशीघ्र उक्त निवेदनमा निर्णय गरी सोको जानकारी निवेदिकालाई दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।८।२२ को आदेश मिलेको देखिँदा सदर हुने ।

इति संवत् २०७१ साल जेठ १ गते रोज ५ शुभम् ।

इजलास अधिकृत : दीपक ढकाल

२

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६७-CI-०६२३,परमादेश, *दीपा जोशी वि. जिल्ला शिक्षा कार्यालय, बैतडीसमेत*

नियुक्ति मिति २०६६।६।१ ले निजको कार्यकाल मिति २०६६।१२।१ सम्म रहने गरी ६ महिनाको लागि अस्थायी नियुक्ति दिएकोमा निजको नियुक्ति शिक्षा नियमावली, २०५९ को नियम ९७(२) को प्रक्रियाविपरीत भएबाट उक्त नियुक्ति सोही नियमावलीको नियम ९७(६) बमोजिम जिल्ला शिक्षा कार्यालयले मिति २०६६।७।१५ मा बदर गरेबाट यी निवेदिकाले मिति २०६६।७।१९ बाट अध्यापन गर्न नपाएपछि आफूलाई मर्का परेको विषयमा सोही बखत नै उपचारको माग गर्नुपर्दथ्यो । तर मिति २०६६।६।१ बाट नियुक्ति तोकिएको अवधि ६ महिना मिति २०६६।१२।१ मा नै समाप्त भएपश्चात् मिति २०६७।२।१६ मा मात्र विलम्ब गरी निवेदन गरेको देखिँदा निवेदिकाको नियुक्तिको समयावधि नै समाप्त भइसकेको हुँदा निवेदिकाको माग प्रयोजनहीन देखिएको साथै समयमा नै आफ्नो हक प्रचलनार्थ निवेदन गर्नुपर्नेमा विलम्ब गरी निवेदन गरेकाले प्रस्तुत निवेदन एवम् पुनरावेदन जिकिरउपर विचार गरिरहन नपर्ने हुँदा निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।५।२३।४ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७१ साल जेठ १ गते रोज ५ शुभम् ।

३

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CR-०३७४, ०४०८,

१२४१, कर्तव्य ज्यान र जबर्जस्ती चोरी, *श्रीहाङ्ग राईसमेत वि. नेपाल सरकार, राजेन्द्र तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. श्रीहाङ्ग राईसमेत*

अनुसन्धानको क्रममा भएको प्रतिवादीको मौकाको साबिती बयान तथा अन्य सहअभियुक्तहरूको पोलबाट निजले मृतकको शरीरमा हात हाली कुटपीट गरी बचन दिएको वा संयोग पारेको भन्ने अवस्था नभै मृतकको घरबाहिर बसी घेरा दिने, बाटो छेक्नेसमेतको गैह कार्य गरी ज्यान मार्न संयोग पारेको भन्ने कुरा पुष्टि हुन आएको देखिन्छ । यस्तो अवस्थामा ज्यानसम्बन्धीको महलको १३(३) नं. को दावी लिने वादी नेपाल सरकारको तर्फबाट निजको हकमा तथ्ययुक्त सबुद प्रमाण गुजार्न सकेको नदेखिँदा सो कसुर प्रमाणित हुनसक्ने देखिएन । तसर्थ निजको हकमा अन्य सहअभियुक्तहरूको पोल तथा स्वयं प्रतिवादी राजेन्द्र योञ्जनको मौकाको साबितीबाट खुल्न आएबमोजिम ज्यानसम्बन्धीको महलको १७(२) नं. आकर्षित हुने ।

अभियोगपत्रमा उल्लेख भएबमोजिम यी प्रतिवादीहरूले १४,१०,५००।- बराबरको धनमाल जबर्जस्ती चोरी गरेकाले सोबमोजिम सजाय हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, दावीबमोजिमको धनमाल बरामद भएको अवस्था छैन । प्रतिवादीहरूले लिई खाई मासेको वा हराई नासेको भन्ने दावी पनि नभएको र तत्सम्बन्धमा विश्वसनीय प्रमाणहरू गुजारी सम्पूर्ण बिगोतर्फको दावी प्रमाणित गर्ने भार रहेको वादीबाट तत्सम्बन्धमा ठोस तथा शङ्कारहित प्रमाण गुज्रन नआएकोले प्रतिवादीहरूले अभियोग दावीबमोजिमको पूरै बिगो १४,१०,५००।- को धनमाल जबर्जस्ती चोरी गरेको भन्ने कुरा प्रमाणित भएको पाइएन । यी प्रतिवादीहरूको मौकाको बयान र प्रतिवादीहरूबाट बरामद भएको बिगो धनमालबाट समेतलाई दृष्टिगत गर्दा अभियोग दावीअनुसार नै पूरै बिगो कायम गरी सजाय गर्नुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र बिगो रू. १४,१०,२१४।३५ पैसा चोरी गरेको ठहर्‍याएको समेतको भोजपुर जिल्ला अदालतको मिति २०६७।९।२५।१ को फैसला नमिलेकोले केही उल्टी भै प्रतिवादीहरू श्रीहाङ्ग राई, नरबहादुर बिक तथा दीपेन्द्र राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद तथा प्रतिवादी राजेन्द्र योञ्जन तामाङलाई ऐ. १७(२) नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने ठहर गरी सबै प्रतिवादीहरूको मौकाको बयान तथा बरामद भएको बिगोसमेतको प्रमाणको आधारमा बिगो रू. १६,५४५।६५ को धनमाल चोरी गरेको समेत ठहर गरी सबै प्रतिवादीहरूलाई चोरीको महलको १४(२) नं. बमोजिम ४५ दिन र जरिवानाबापतसमेत २ वर्ष ९ महिना कैद र ऐ. १०(३) नं. बमोजिम जाहेरवालालाई सबै प्रतिवादीहरूबाट दामासाहीले उक्त बिगो दिलाई भराई दिने ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६८।३।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

इति संवत् २०७१ साल जेठ ५ गते रोज २ शुभम् ।

४

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CR-००५७, ०२२५, परमादेश, *शिरमान बुढामगर वि. नेपाल सरकार, नेपाल सरकार वि. विमपुरा बुढामगरसमेत*

प्रतिवादीले आफ्नो लेकको घरमा आगो लगाई दिएको विषयमा छलफल गर्न जाँदा वीरगन्जको घरमा आएकी मृतक सातमाया बुढामगर भाग्दै गरेको अवस्थामा कपालमा समाती लछारपछार पारी पहिले ढुङ्गाले हानी दाहिने खुट्टा भाँची दिएको र पछि खुकुरीले सोही दाहिने खुट्टामा र आँखाको भागमा हानेको हुँ । मृतक लुक्न गएको अवस्थामा लुकीरहेको ठाउँबाट ल्याई लेकको घरतर्फ लैजाँदै गर्दा रिसले मुक्काले कञ्चटमा हान्दा मृतक सातमायाको मृत्यु भएको हो भनी कसुरमा साबित भई अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत साबिती बयान गरेको देखिन्छ । वारदातमा प्रयोग भएको खुकुरी दसी प्रमाणको रूपमा बरामद भएको र उक्त खुकुरीलाई प्रतिवादी शिरमान बुढामगरले सनाखतसमेत गरेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. अनुरूपको कसुर देखिएकोले निजलाई सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

प्रतिवादी शिरमान बुढामगरलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष मात्र कैदको सजाय हुनपर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट व्यक्त भएको राय सम्बन्धमा विचार गर्दा यी पुनरावेदकले मृतक सातमाया बुढामगरलाई पूर्व रिसइबिको आधारमा साँझको समयमा भाग्दै गर्दा समाती सुरूमा कपालको जगेल्टामा पक्री बाटोमा लछारपछार गर्दै ढुङ्गाले हानी दाहिने खुट्टा भाँचिदिएको, सोही भाँचिएको खुट्टामा धारिलो हतियार खुकुरी प्रहार गरी आँखाको भागमा पनि हानेको देखिन्छ । त्यसपछि मृतक सातमाया बुढामगर निज प्रतिवादीको क्रूरतापूर्वक खुकुरीसमेतको प्रहारबाट बच्ने प्रयासस्वरूप लुक्न जाँदा पनि लुकी राखेको ठाउँबाट निकाली पुनः निरन्तर कुटपीट गर्ने, लछारपछार गर्दै एउटी निहत्था महिलालाई मार्नेसम्मको प्रयोजनले जोखिमी हतियार खुकुरीसमेतले प्रहार गरी अन्तिम समयमा मुक्काले मृतकको दाहिने कञ्चटमा हानी मनसायपूर्वक गरिएको जघन्य अपराधमा चर्को सजाय हुने भनी अ.बं. १८८ नं. अनुसार कम सजाय गर्ने राय व्यक्त गर्न नमिल्ने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः विकेश गरागाईं

इति संवत् २०७१ साल वैशाख १५ गते रोज २ शुभम् ।

५

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०१६२, उत्प्रेषण/परमादेश, *विद्यानन्द झा वि. जिल्ला शिक्षा कार्यालय, रौतहटसमेत*

निवेदक विद्यानन्द झाको एसएलसीको प्रमाणपत्रलगायतमा निजको जन्ममिति सन् २५ जुलाई १९५२ तदनुसार वि.सं. २००९।४।१० गते भन्ने उल्लेख भएको देखिँदा कानूनबमोजिम निजले अनिवार्य अवकाश पाउने अवधि ६० वर्ष उमेर मिति २०६९।४।९ गते पुग्ने देखिनुको साथै यी निवेदक श्री मा.वि. चिकना जेठरहिया, रौतहटमा मिति २०६९।४।९ गतेसम्म रूजु हाजिर रही कामकाज गरी आएको अवस्थामा कानूनबमोजिम निजले पाउने तलबभत्ता तथा सञ्चयकोषसमेतको रकम निवेदकको औषधि उपचार, बिरामी बिदा र निवृत्तिभरण अधिकारपत्रले पाउने रकमबाट कट्टा गरी हिसाब मिलान गर्ने गरी विद्यालय शिक्षक किताबखानाबाट भएको मिति २०७०।४।१३ को निर्णय एवम् सो सम्बन्धी सम्पूर्ण कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने । निवेदक विद्यानन्द झा आफू कार्यरत विद्यालयमा रूजु हाजिर रही काम गरेको मिति २०६९।४।९ गतेसम्म सेवा अवधि कायम गरी निजले नियमानुसार पाउने

तलब, भत्तालगायतको सम्पूर्ण सुविधाको रकम भुक्तानी दिनु भनी विपक्षीमध्येको विद्यालय शिक्षक किताबखानासमेतको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल असार ३२ गते रोज ४ शुभम् ।

६

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०३५३, अंश चलन, *सीता मानन्धरसमेत वि. पुनमाया मानन्धर*

सीता मानन्धर एकासगोलको अंशियार ओमबहादुर मानन्धरकी एकसगोलकी श्रीमती भएको र सगोलको अवस्थामा निजको नाममा रहेको सम्पत्ति निजको निजी आर्जनको पुष्टि हुने कुनै प्रमाण पेस हुन नसकेको अवस्थामा बन्डा लाग्ने एकासगोलको सम्पत्ति हो भनी स्वाभाविक अनुमान गर्नुपर्ने हुन्छ । उक्त जग्गा घर र गाडी सीता मानन्धरको निजी आर्जनको हो भन्ने प्रमाणद्वारा पुष्टि भएको नदेखिँदा उक्त सम्पत्तिसमेत बन्डायोग्य सम्पत्ति नै देखिँदा पुनरावेदक प्रतिवादी ओमबहादुर मानन्धरले सगोलको अवस्थामा भुमादेवी भण्डारीलाई लिखत गरिदिएको ऋण रकम रू.२४,५२,५००।- लेनदेन मुद्दामा अदालतको फैसलाबमोजिम भरिपाउने साँवा ब्याज रकम र सीता मानन्धरको नाममा रहेको कि.नं. १७० को जग्गा एवम्सो जग्गामा निर्माण भएको घर र बा.३ च २७३४ नं. को कारसमेतका सम्पत्ति बन्डा गर्नुपर्नेमा नगरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सो हदसम्म केही उल्टी गरी उक्त सम्पत्तिसमेतबाट पुनरावेदक वादी पुनमाया मानन्धरले ३(तीन) भागको १ (एक) भाग अंश पाउने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल जेठ २८ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६८-CI-०३५४, अंश चलन, *सीता मानन्धरसमेत वि. पुनमाया मानन्धर*
- ०६८-CI-०४३१, ०६४६, हालैको बकसपत्र बदर, *मीना मानन्धरसमेत वि. ओमबहादुर मानन्धर, पुनमाया मानन्धर वि. ओमबहादुर मानन्धर*

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-CR-०३८२, जबर्जस्ती करणी, *बिरू भन्ने वीरबहादुर मगर वि. नेपाल सरकार*

जबर्जस्ती करणीको विवादमा वीर्य स्खलन पनि एउटा प्रमाण हो तर वीर्य स्खलन नहुँदैमा जबर्जस्ती करणी नहुने भनी यसलाई अनिवार्य तत्त्वको रूपमा कानूनले राखेको नभई योनीमा लिङ्ग केही भाग मात्र प्रवेश गरे पनि जबर्जस्ती करणीको वारदात हुन पर्याप्त हुन्छ । पीडित बालिकाको Post Fourchette मा Redness देखिनुले योनिमा लिङ्ग रगडेको र केही मात्रामै भएपनि प्रवेश गरेको मान्नुपर्ने नै हुन्छ । यस प्रकार पुनरावेदक प्रतिवादीले अनुसन्धानको सिलसिलामा आरोपित कसुरमा साबित रही गरेको कागजलाई पिडीत बालिकाको Post Fourchette Redness देखिनु र पीडितले यी प्रतिवादीलाई किटानी पोल

गर्नुबाट सम्पुष्टि (Corroboration) भइरहेको यस अवस्थामा प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी गरेको नै देखिँदा प्रतिवादी वीरबहादुर मगरले पीडित मन्जिला खपाङ्गी मगरलाई जबर्जस्ती करणीको उद्योग गरेको ठहर गरेको सुरू झापा जिल्ला अदालतको फैसला केही उल्टी गरी अभियोग दावीबमोजिमकै कसुर ठहर्‍याई प्रतिवादी वीरबहादुर मगरलाई जबर्जस्ती करणीको १(ग) नं.को कसुरमा ऐ.को ३(२) नं.ले कैद वर्ष १० (दश) सजाय हुने र रू.२५,०००।- पीडितलाई निजबाट ऐ.को १० नं.बमोजिम क्षतिपूर्ति भराई दिने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६७।२।२७ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-CR-०३८३, जबर्जस्ती करणी, *वीरबहादुर मगर वि. नेपाल सरकार*

मिसिल संलग्न पीडितको शारीरिक परीक्षण प्रतिवेदन हेर्दा "निजको योनीको झिल्ली फाटेको छ र Multiple Search mark on Back and Chest" भनी उल्लेख भएको पाइन्छ । वर्ष ५ की नाबालिकाको योनीको झिल्ली फाट्नुको अन्य कारण अनुसन्धानबाट खुल्न सकेको छैन । पुनरावेदक प्रतिवादी वारदात समयमा निज पीडितसँग रहेको तथ्य निजले नै अदालतमा बयान गर्दा स्वीकारेको, कसुर गरेको तथ्यतर्फ पीडितले अनुसन्धानको सिलसिलामा किटानी पोल गरेको र अदालतमा बकपत्र गरी त्यसको पुष्टि गर्नुको अतिरिक्त ५ वर्षकी पीडितको योनीको कन्याजाली फाट्नु, पीडितको छाती र पछाडि कोरिएको हुनु लगायतका स्वतन्त्र स्थापित प्रमाणहरूबाट प्रतिवादीले अनुसन्धानको सिलसिलामा गरेको साबिती बयान कागज सम्पुष्टि (Corroborate) भइरहेको देखिँदा प्रतिवादी वीरबहादुर मगरले पीडित भूमिका क्षेत्रीलाई जबर्जस्ती करणीको उद्योग गरेको ठहर गरेको सुरू झापा जिल्ला अदालतको फैसला केही उल्टी गरी अभियोग दावीबमोजिमकै कसुर ठहर्‍याई प्रतिवादी वीरबहादुर मगरलाई जबर्जस्ती करणीको १(ग) नं.को कसुरमा ऐ.को ३(१) नं. ले कैद वर्ष १० सजाय हुने र रू.२५,०००।- पीडितलाई नजिबाट ऐ. को १० नं.बमोजिम क्षतिपूर्ति भराइदिने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६७।२।७ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-००६१, निषेधाज्ञा, *असार माया राई(तामाङ) वि. परशुराम लामिछानेसमेत*

विवादित जग्गा सँगसँगै बाटो रहेको अवस्थामा उक्त जग्गा हुँदै पुनः बाटो खोल्नुपर्ने अवस्था विपक्षीहरूलाई किन आएको हो भन्नेसमेत सबै कुराको स्पष्ट उल्लेख पुनरावेदकले गर्न सकेको पाइएन । विवादित जग्गामानै सार्वजनिक बाटो छ छैन उक्त जग्गाको स्थलगत अध्ययन गरी नाप नक्सा भिडाई हेर्नुपर्ने अवस्था रहेको देखिँदा सोअनुसारको कार्य गर्न गराउन प्रस्तुत मुद्दाको रोहबाट हुनसक्ने देखिएन । आफ्नो

निर्विवाद हकभोगको विषयमा मात्र कुनै व्यक्ति वा निकाय विरूद्ध जारी हुनसक्ने निषेधाज्ञाको प्रकृति हुने भएकोमा प्रस्तुत मुद्दामा दावी रहेको जग्गामा स्थलगत अध्ययनका साथसाथै प्रमाणको मूल्याङ्कन गरी निर्णयमा पुग्नुपर्ने देखियो । यसका लागि निवेदकले सामान्य कार्यविधिको अनुशरण गरी सोहीअनुसारको कानूनी प्रक्रिया अपनाई आफ्नो कानूनी हकको उपचार गर्न पाउने माध्यमको विद्यमानता रहेकै परिप्रेक्ष्यमा निषेधाज्ञाको रोहबाट निर्णय गर्न मिल्ने देखिन नआउने ।

पुनरावेदकले उठाएको विषयका सम्बन्धमा प्रमाणहरू बुझी मूल्याङ्कन गरी निष्कर्षमा पुग्नुपर्ने देखिएको हुँदा निषेधाज्ञाको निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।१३ को आदेश मिलकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०१२२, उत्प्रेषण, *शालिकराम अहिरसमेत वि. क्षेत्रपाल यादवसमेत*

कुनै न्यायिक वा अर्धन्यायिक निकायले न्यायको रोहमा एक पटक निर्णय गरिसकेपछि माथिल्लो तहको अदालतले बदर वा उल्टी गरेमा बाहेक अन्य अवस्थामा निर्णय सच्याउन वा सो निर्णयको विपरीत हुने गरी अर्को निर्णय गर्न पाउँदैन । यो सर्वस्वीकार्य कानूनी सिद्धान्त हो । आफूले गरेको निर्णय आफैंले उल्टी गर्नु वा कुनै निकायको पदाधिकारीले न्यायको रोहमा निर्णय गरिसकेपछि अर्को पदाधिकारी सो पदमा भएको अवस्थामा सो निर्णयलाई असर पर्ने गरी अर्को निर्णय गर्नु फैसला स्थिरताको सिद्धान्तसमेतको प्रतिकूल हुने जाने ।

भूमिसुधार कार्यालयले मिति २०५९।३।२४ मा गरेको निर्णयउपर क्षेत्रपाल यादवको यस अदालतमा दायर गरेको २०५९ को रि.नं. २७२६ मा आदेश हुँदा भूमिसुधार कार्यालयको उक्त निर्णय बदर भएको र पुनः मुद्दाको कारवाही गरी जग्गा बाँडफाँडतर्फ निर्णय गर्नु भनी परमादेश जारी भएको पाइयो । यस अदालतबाट जारी भएको परमादेशको आदेशले पहिलेको निर्णय बदर भई शून्यको स्थिति हुन आएको हुँदा मिति २०६८।२।२४ को भूमिसुधार कार्यालयको पछिल्लो निर्णयलाई पुनरावेदकको जिकिरअनुसार पटकपटक निर्णय भएको भनी मान्न नमिल्ने ।

यस अदालतबाट मिति २०६०।११।२६ मा परमादेशको आदेश जारी गर्दा यति समयभित्र जग्गा बाँडफाँडतर्फ निर्णय गर्नु भनी अवधि किटान गरेको देखिएन । वस्तुतः हदम्यादको सिद्धान्तको उद्देश्य कुनै व्यक्ति आफ्नो हक अधिकार बहाल गराउन सतर्क रहनुपर्ने र अर्को पक्षलाई पनि सदैव आफूउपर मुद्दा पर्दछ कि भनी सन्त्रासको अवस्था पैदा हुन नदिने हो । विपक्षी क्षेत्रपाल यादवले मोही कायम गराई पाउन म्यादभित्रै निवेदन नदिएको र कारवाही प्रक्रिया सुरू नै भएको स्थिति यसमा रहेको छैन । यस अदालतमा दायर भएको रिट निवेदनको कारवाही प्रकृया र आदेश कार्यान्वयनको क्रममा भएको ढिलाइले गर्दा मात्र ऐनमा भएको हदम्यादअन्तर्गत कारवाही टुङ्गो नलागेको भनी अर्थ गर्न नमिल्ने ।

पुनरावेदकले जिकिर लिएजस्तो भूमिसुधार कार्यालय, बर्दियाले हदम्यादभित्र निर्णय नगरेको, पटकपटक निर्णय गरी आफूले गरेको निर्णय प्रतिकूल हुने गरी बद्नियतले पुनः निर्णय गरेको भन्ने देखिन आएन । मोही नहुनुपर्ने व्यक्तिलाई

मोही कायम गरी भूमिसुधार अधिकारीले निर्णय गरेको भन्ने पुनरावेदकको अर्को जिकिरतर्फ हेर्दा पुनरावेदकका बाबु भगौतीप्रसाद अहिरका नाममा दर्ता कायम रहेको जिल्ला बर्दिया, खैरापुर गा.वि.स. वडा नं. १ कित्ता नं. २२० को ज.वि.१-१५-१० जग्गामा मोही क्षेत्रपाल अहिर हुन भन्ने कुरामा मोही र जग्गा धनी बीच विगतमा चलेको मुद्दामा मोही बेदखली गरेको र निज क्षेत्रपालको नाममा मोही नामसारी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, नेपालगन्जको फैसला यस अदालतबाट मिति २०५८।५।६ मा सदर भई फैसला भएको हुँदा प्रस्तुत मुद्दामा यस सम्बन्धमा थप विवेचना गर्न आवश्यक नहुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०१९४, ०१९५, निषेधाज्ञा, *ब्रतलाल राजवंशी वि. जिल्ला प्रशासन कार्यालय, मोरङसमेत*

विपक्षीहरू खेमराज चौधरी र शिवराज चौधरीले लिखित जवाफ पेस गर्दा निवेदकको दावी लिएको जग्गामा हक नै नपुग्ने भनी जिकिर लिएको पाइएको र मिसिल अध्ययन गरी हेर्दा निवेदकले दावी लिएको हालको कि.नं. ९९ मध्येको १-०-० जग्गाको जग्गाधनी दर्ता स्रेस्ता निवेदकहरूले पेस गरेको देखिएन । यी निवेदकहरूको जिकिरअनुसार निजहरूले जोतभोग गरिआएको भनेको दावीको जग्गामा हदबन्दी लागेको हुँदा निजहरूलाई प्राप्त हुन आएको भन्ने उल्लेख छ । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २१(२) ले यसारी प्राप्त गरेको जग्गा प्राप्त गर्ने व्यक्तिको नाममा जग्गावालाको हैसियतले दर्ता गरिने भनी उल्लेख गरेको छ । यस्तो जग्गाको मोल एकमुष्ट वा किस्ताबन्दीरूपमा समयसमयमा नगद बुझाउनुपर्ने उक्त ऐनको दफा २२ को व्यवस्थाअनुसार निज निवेदकहरूलाई जग्गाको मोलको बाँकी किस्ता बुझाउन सूचना जारी गरेको पत्र निवेदकहरूले निवेदनसाथ पेस गरेको पनि पाइन्छ । जग्गा दर्ता हुन नसकेको हो भन्ने कुराको पुष्टि हुनेसम्मको भनाई वा प्रमाण पेस गर्न सकेको नदेखिँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २१(२) बमोजिम पुनरावेदकहरूको नाममा जग्गावालाको हैसियतले दावीको जग्गा दर्ता हुन नसकेको र उक्त जग्गामा निजहरूको निर्विवाद हक कायम हुन सकेको नदेखिएको अवस्थामा निषेधाज्ञाको निवेदन खारेज हुने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१२।२० को आदेश मुनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०८०५, निषेधाज्ञा, *कृष्णकुमार श्रेष्ठसमेत वि. मदनकुमार श्रेष्ठ*

प्रस्तुत मुद्दामा नै विपक्षी मदनकुमार श्रेष्ठलाई पक्राउ गर्न वा आवश्यक सोधपुछका लागि प्रहरी वा प्रशासनलाई रोक लगाइनु हुँदैन भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा निज मदनकुमारलाई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ एवम् सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले निर्धारण गरेको प्रक्रिया अवलम्बन गरी पक्राउ गर्ने वयान गराउने अभियोगपत्र दायर गर्नेसमेतका कार्यहरू पुरा गरी जिल्ला प्रशासन कार्यालयबाट धरौटी तारिखमा छुटेको अवस्था

छ । प्रहरीबाट कुनै अभियुक्तको अनुसन्धानको कार्यसम्पन्न भएर निजलाई अभियोगपत्रसाथ मुद्दा हेर्ने निकायमा पेस गरिसकेपछि सामान्यतः निजलाई सोही मुद्दाको सिलसिलामा पुन पक्राउ गर्ने, सोधपुछ गर्ने आदि कार्य गर्ने गराउने अधिकार सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले प्रहरीलाई दिएको नदेखिँदा अन्य विषयमा बाहेक प्रस्तुत मुद्दामा निवेदकलाई गैरकानूनीरूपमा पक्राउ नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।२० को आदेश मुनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६८-CI-१५५७, उत्प्रेषण, *प्रकाश सार्की वि. कञ्चनपुर जिल्ला अदालतका तहसिलदारसमेत*

मातहत अदालतमा अ.बं. ६१ नं. बमोजिम जिल्ला न्यायाधीशसमक्ष परेको निवेदन विचाराधीन रहेको अवस्थामा अदालतको असाधारण क्षेत्राधिकारबाट त्यसलाई हस्तक्षेप गरी आदेश गर्दा तल्लो निकाय स्वतन्त्र र सक्षम तरिकाले आफ्नो काम कर्तव्य निर्वाह गर्न असफल हुने मात्र नभई चित्त नबुझेको खण्डमा तहगतरूपमा उजुरी गर्ने कानूनी प्रावधानको पनि अस्तित्व रहँदैन । अदालतको साधारण क्षेत्राधिकार अन्तर्गत गरिने कानूनी कारवाहीलाई अन्य घुमाउरो तवरले माथिल्लो अदालतबाट हस्तक्षेप गर्नु गराउनु कानूनी सिद्धान्त तथा अदालतको तहगत संरचनाको कानूनी प्रणालीको प्रतिकूल हुने भएकोले फैसला कार्यान्वयनका क्रममा अपनाउन सक्ने वैकल्पिक कानूनी व्यवस्थाको पूर्णरूपले अवलम्बन नगरी अ.बं. ६१ नं. अन्तर्गतको निवेदन विचाराधीन अवस्थामै रहेको अवस्थामा नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत दिन आएको निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।९।२६ को आदेश मुनासिब नै हुँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९०-CI-०२९०, निषेधाज्ञा, *प्रेम महर्जन वि. पार्वती भण्डारीसमेत*

जुन घर जग्गाको लिलामी प्रक्रिया रोक्न निषेधाज्ञाको निवेदन दिएको हो सो घरजग्गाको लिलाम कार्य सम्पन्न भइसकेको कुरालाई स्वयम् पुनरावेदकले पुनरावेदन जिकिरमा स्वीकार गरेको देखियो । यसरी लिलाम प्रक्रिया सम्पन्न भइसकेको अवस्थामा पुनरावेदन जिकिरमा उल्लेख गरेजस्तो दा.खा. नामसारी नगर्न नगराउनका लागि निषेधाज्ञा जारी हुने अवस्था हुँदैन । प्रस्तुत मुद्दामा पुनरावेदकले बैङ्कले अपनाएको लिलामी प्रक्रियामा कानूनी रीत नपुगेको भनी औंल्याउन सकेको पाइँदैन। कानूनबमोजिम लिलामी प्रक्रिया पूरा गरिन्छ भने ठोस कानूनी आधारबिना त्यसको दा.खा. नामसारी रोक्न मुनासिब नहुने ।

पुनरावेदकले दावी गरेको जग्गामा निजको निर्विवाद हक स्वामित्व रहे भएको भन्ने नदेखिएको, धितो बदरसमेतका मुद्दा सामान्य प्रक्रियाअन्तर्गत मातहत अदालतमा विचाराधीन रहेको, लिलामी प्रक्रिया रोक्न निषेधाज्ञाको माग गरिएको सम्बन्धित जग्गाको लिलाम कार्य सम्पन्न भइसकेको र बैङ्कका नाममा सकार भइसकेको भन्ने देखिएको हुनाले समेत पुनरावेदन अदालतको

आदेशमा कुनै परिवर्तन गर्नु परेन । निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।६ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैबमोजिम निर्णय भएका छन् ।

- ०६९०-CI-०२९१, निषेधाज्ञासमेत, *प्रेम महर्जन वि. पार्वता भण्डारीसमेत*
- ०६९०-CI-०२९२, निषेधाज्ञासमेत, *रमेश महर्जन वि. पार्वता भण्डारीसमेत*
- ०६९०-CI-०२९३, निषेधाज्ञासमेत, *रमेश महर्जन वि. पार्वता भण्डारीसमेत*

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०९५०, उत्प्रेषण/परमादेश, *मालपोत कार्यालय, बाँके वि. ज्ञानुदेवी उपाध्याय*

पुनरावेदनको अधिकार पक्षलाई तल्लो निकाय वा पदाधिकारीले गरेको फैसलामा कानूनी त्रुटि रहेको वा प्रमाणको उचित मूल्याङ्कन नगरी फैसला वा आदेश भएकोमा माथिल्लो निकायबाट सोउपर पुनर्विचार गर्ने प्रयोजनको लागि प्रदान गरिएको हुन्छ । अदालतले फैसला वा आदेश गर्दा निवेदकको मागबमोजिमको विषयमा केन्द्रित र सिमित रही निर्णय गर्नुपर्ने हुन्छ । प्रशासनिक प्रकृतिका सानातिना समस्याहरूलाई विभागीय वा मन्त्रालयस्तरको निर्देशनले समाधान गरेजस्तो सबै अन्तरवस्तुलाई एउटै फैसलामा समाहित हुने गरी निर्देशन दिन सम्भव पनि हुँदैन । प्रस्तुत मुद्दामा तर्फ परिवर्तन गर्नुको ठोस कारण अदालतलाई उपलब्ध गराउन नसक्नु तर त्यसबाट सिर्जित समस्याको समाधान भने अदालतबाट खोज्ने प्रयास गर्नुले आफूले गर्ने काम कर्तव्यप्रतिको उदासीनता र जवाफदेहीविहीनतातर्फ सङ्केत गरेको मान्नुपर्ने हुँदा फरक पारी मोही साबित्री गोडियाका नाउँमा दा.खा. गर्ने गरेको मालपोत कार्यालय, बाँकेको मिति २०६५।१।२६ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६९।३।१३ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CR-०९१२, सवारी ज्यान, *नेपाल सरकार वि. श्याम पाठक*

आफूले चलाएको गाडीको ठक्करबाट विपरीत दिशाबाट आइरहेको बा१ज ७०४१ को माइक्रोबसको पछाडिपट्टिको दायाँ साइडमा रहेका राजेन्द्र पाण्डेलाई ठक्कर लागी मृत्यु हुन गएको तथ्यलाई निज प्रतिवादी श्याम पाठकले सुरू कारवाहीदेखि नै स्वीकार गरेको तथा गाडी चलाइरहेको अवस्थामा मादक पदार्थ सेवन नगरेको भनी खण्डन गरेको देखिँदा निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ६ महिना १५ दिन कैद र रू. २०००।- जरिवाना गर्ने गरी भएको सुरू धादिङ जिल्ला अदालतको फैसला र सोही फैसलालाई सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१०।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ८ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६५-CR-०५५३, लुटपीट, *दिनेशराय यादव वि. त्रिपुरारीदास वैरागी*

कि.नं. ३९३ को ०-१-३ जग्गामा मठ रही सो मठले चर्चेको जग्गामा रहेका आँपका ८ वटा रूखसमेत प्रतिवादीले कटाई लगेको र सो रूखको मूल्य रू. ८०,०००।- पर्ने दावीसहित वादीले फिराद दायर गरेको देखिन्छ । प्रतिवादीले दावीको विषयउपर प्रतिवाद गर्दै आफूले सो रूखहरू लुटपीट गरेको होइन भने पनि मिसिल संलग्न वादीका साक्षी हेमनारायण महतोको बकपत्र हेर्दा प्रतिवादी दिनेश राय र नचिनेका १५ जनासमेत भै मठको जग्गामा रहेको ८ थान आँपको रूख काटी टायर गाडामा लगेको भनी खुलाइदिएको र सोको बिगोसमेत उल्लेख गरेको देखिँदा लुटपीटको दावी पुग्न नसक्ने ठहरी भएको सुरू रौतहट जिल्ला अदालतको फैसला उल्टी गरी लुटपीटको दावी पुग्ने ठहरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६४।६।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ८ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CR-०३८५, बहुविवाह, *नेपाल सरकार वि. जानकी थापा*

अनुसन्धान अधिकारीसमक्षको बयानमा भीमसेन थापाकी जेठी श्रीमती रहेको जानकारी भएको भनी निज जानकी थापाले बयान गरे पनि सो कुरालाई इन्कार गरी अदालतमा बयान गरेको, अदालतसमक्षको बयानमा भीमसेन थापाले आफूलाई माग्न गै बुबा आमाले निजलाई भीमसेन थापासँग बिहे गर्न दिएपछि बिहे गरेको भनी बिहे गर्नुपरेको परिस्थिति उल्लेख गरी बयान गरेको एवम् निजकी साक्षीसमेतले अदालतमा गरेको बयानमा समेत मनिषा थापाले घर छाडेको भन्ने कुरा मेल खान आएको अवस्थामा निजले भीमसेन थापाकी जेठी श्रीमती मनिषा थापासमेत रहेको भनी आफूलाई जानकारी रहेको भन्ने कुरा खम्बीर हुन आएन । यस्तो अवस्थामा मनोगत अर्थ गरी अर्का प्रतिवादीले गरेको कसुरबाट उत्पन्न फौजदारी दायित्वसमेत यी प्रत्यर्थी जानकी थापाउपर थोपर्न नमिल्ने हुँदा प्रतिवादी जानकी थापालाई अभियोग दावीबाट सफाइ दिने ठहर्‍याई भएको सुरू सल्यान जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६८।२।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ८ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-०२६८, लेनदेन, *मोहनदेव जोशी वि. पदमबहादुर साउद*

पुनरावेदक प्रतिवादी लिखत गर्दाको अवस्थामा १६ वर्षमुनिको नाबालक रहेको भन्ने वस्तुनिष्ठ प्रमाणको अभावमा निज र प्रत्यर्थीबीच भएको मिति २०५८।८।१२ को तमसुक लिखतलाई अन्यथा भन्न नमिल्ने भै यी पुनरावेदक प्रतिवादीले दावीबमोजिमको रकम प्रत्यर्थी वादीलाई तिर्नु बुझाउनु पर्ने देखिएबाट दावी पुग्न नसक्ने ठहर्‍याई भएको सुरू बैतडी जिल्ला अदालतको मिति २०६७।८।६ को फैसला उल्टी गरी

दावीबमोजिमको साँवा र सोको कानूनबमोजिमको ब्याज यी पुनरावेदक प्रतिवादीबाट प्रत्यर्थी वादीले भरिपाउने ठहऱ्याई पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६८।१।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ८ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-CI-००५७, ०२३६, नामसारी दाखिल खारेज, *सरोज गौतमसमेत वि. कुमारप्रसाद गौतमसमेत, कुमारप्रसाद गौतमसमेत वि. शान्ति गौतमसमेत*

मिति २०२६।२।२२ को र.नं. २४७६ को राजीनामा लिखतको छायाँप्रति हेर्दा उक्त लिखतमा कि.नं. २६७ को जग्गाको क्षेत्रफल १-४-०-० उल्लेख भएकोमा सो जग्गामध्येबाट ०-१०-०-० (दश आना) जग्गा मात्र निज गोकुलप्रसाद गौतमले बद्रीप्रसाद गौतमलाई राजीनामा गरिदिएको देखिन आउँछ । यस्तो अवस्थामा मिति २०२६।२।२२ को र.नं. २४७६ को लिखतबाटै ०-१०-०-० जग्गा यी प्रतिवादी शान्ति गौतमको पति बद्रीप्रसाद गौतमले वादीका पिता गोकुलप्रसाद गौतमबाट राजीनामाबाट प्राप्त गरेको अवस्थामा मिति २०२६।२।२२ को लिखतबाट नै समुच्चा जग्गा आफूले प्राप्त गरेको भनी यी प्रतिवादीले अर्थ गर्न नमिल्ने ।

सर्जमीन मुचुल्का व्यहोराले विवादित कि.नं. जग्गा बद्रीप्रसाद गौतमको हकदारबाट जोतकमोद भैरहेको र निजका हकदार पत्नी शान्ति गौतम तथा छोरा सरोज गौतमको नाउँमा दाखेल खारेज नामसारी गरिदिएसम्म हुने भनी उल्लेख गरिदिएकै आधारमा राजीनामाको अस्तित्व नै समाप्त हुने गरी र त्यस्तो लिखतमा भएको भावनालाई परास्त गर्ने गरी कि.नं. २६७ को पूरै जग्गा खरिदकर्ता गोकुलप्रसाद गौतमको भएको मात्र र सोहीबमोजिम निजको मृत्यु भैसकेकाले निजका कानूनबमोजिमका हकदार यी पुनरावेदक प्रतिवादी शान्ति गौतमसमेतका नाउँमा दाखिल खारेज नामसारी हुने भनी अर्थ गर्न नमिल्ने ।

कि.नं. २६७ को १-४-०-० जग्गामध्ये ०-१०-० जग्गा मात्र र.नं. २४७६ बाट हक छाडेको देखिँदा सम्पूर्ण जग्गाको साविक जग्गाधनी गोकुलप्रसादको नममा कट्टा गरी प्रत्यर्थी प्रतिवादीहरूका नाममा कि.नं. २६७ को सम्पूर्ण जग्गा नामसारी हुने ठहर गरेको मालपोत कार्यालय, कलङ्कीको मिति २०६८।८।२१ को निर्णय आधा बदर गरी आधा जग्गा वादीका नाममा नामसारी हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ८ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-CR-०००७, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. मनोजकुमार सिंहसमेत*

वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।९।२० मा जाहेरवालालाई बकपत्रको लागि झिकाउने आदेशसमेत भएकोमा सो आदेशबमोजिम जाहेरवाला वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भै आफ्नो जाहेरी तथा वैदेशिक रोजगार विभागसमक्षको बयानलाई खम्बिर गर्नुपर्नेमा सो गरेको देखिन्न । बरू यी जाहेरवालाले आफ्नो जाहेरीलाई खण्डित हुने गरी मिति २०६७।१२।२४ मा वैदेशिक रोजगार

न्यायाधिकरणसमक्ष निवेदन दिँदा विपक्षीलाई घरायसी प्रयोजनको लागि दिएको रकम विपक्षीहरूबाट बुझी कागजसमेत गरिदिएको र अभियोग दावीको रकम विपक्षीहरूसँग बुझिलिइसकेको भन्ने व्यहोरा उल्लेख गरी निवेदन दायर गरी सो निवेदनमा उल्लिखित व्यहोरामा सनाखतसमेत गरेको देखिएको छ । यसरी सुरू जाहेरी तथा वैदेशिक रोजगार विभागसमक्षको बयानसमेत खण्डित हुने गरी जाहेरवालाले नै आफ्नो कथन फेरबदल गरिरहेको मिसिलबाट देखिएको यस्तो अवस्थामा वैदेशिक रोजगारको कसुर भनी प्रतिवादीहरूलाई सजाय गर्न नमिल्ने हुँदा प्रतिवादीहरूका हकमा सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।२।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०७१ साल वैशाख ८ गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-CR-०३२६, सम्बन्ध बिच्छेद, *युवराज खनालको हकमा अनुमतिप्राप्त डिल्लीराज खनाल वि. माया आचार्य*

प्रचलित मुलुकी ऐनमा रहेको उल्लिखित स्पष्ट कानूनी व्यवस्थाअनुसार प्रतिवादी युवराज खनालका हकमा निजको तर्फबाट पुनरावेदनपत्रसमेत दायर गर्दा अनुमतिप्राप्त गर्नुपर्नेमा निजका तर्फबाट पुनरावेदन अदालत, तुलसीपुरमा पुनरावेदन दर्ता गर्दा निजको हकमा पुनरावेदनपत्र दर्ता गर्ने यी पुनरावेदक प्रतिवादीसमेत रहेका डिल्लीराज खनालले अ.बं. ८३ नं. बमोजिमको प्रक्रिया पूरा गरी पुनरावेदनपत्र दर्ता गरेको नभई सीधै आफ्नो हकमा पुनरावेदनपत्र दर्ता गर्न पाउने जस्तो गरी पुनरावेदनपत्र दर्ता गरेको मिसिल संलग्न पुनरावेदनपत्रबाट देखिँदा अ.बं. ८३ नं. अनुसारको प्रक्रिया पूरा नगरी दायर भएको पुनरावेदनपत्रको रोहबाट मुद्दाको तथ्यमा प्रवेश गरी पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गरी इन्साफ गर्न मनासिब नहुँदा पुनरावेदनपत्र नै खारेज गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६८।१२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ८ गते रोज २ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CR-०९९६, सवारी ज्यान, *नेपाल सरकार वि. कृष्ण थारू*

अदालतसमक्षको बयानमा यी प्रतिवादीले लु.अ. १ख २५०३ नम्बरको गाडीका चालक पिसाब फेर्न निस्केको बेला पछाडिबाट गाडीहरू आई हर्न बजाएपछि आफूले गाडी अगाडि बढाउन खोज्दा आफूले चलाएको गाडीको बायाँ ढोकामा खडा रहेका मृतक अर्को गाडीको पछाडिको भागमा ठक्कर लाग्न गै निज घाइते भएको भन्नेसमेतको बयान गरेको देखिएको छ । नियमित तरिकाबाट गाडी चलाएको भए अथवा सवारी चालक अनुमतिपत्र नै प्राप्त नगरेको अवस्थामा नियमितरूपमा सवारी चलाई दुर्घटना भएको भएसम्म पुनरावेदन जिकिरका हकमा विचार गर्नपर्ने हुन्छ । तर तत्काल बाटो खुलाउने हिसाबले सडकमा भएको जामसम्म खोल्ने मनसायले यी प्रतिवादी कृष्ण थारूले तत् बखत टिपर अगाडि बढाउने क्रममा टिपरको ढोकामा रहेका मृतक अर्को टिपरसँग ठोक्किई घाइते भएको र सोही कारणबाट निज चेतबहादुर रानाको मृत्यु भएको स्पष्ट देखिँदा प्रतिवादी कृष्ण थारूलाई सवारी

तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिमसमेत सजाय गर्ने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला र सो फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।५।१८ को फैसला कानूनसङ्गत देखिँदा सो फैसला सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०७१ साल वैशाख ८ गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-WH-००६३, बन्दीप्रत्यक्षीकरण, *अलि सैद ऐफान वि. नीमा के.सी.समेत*

निवेदक र विपक्षीमध्येकी रीता के.सी. बीच सम्बन्ध बिच्छेदसमेत भइसकेको परिस्थितिवश तत्कालको लागि नाबालिकालाई आफ्नो आमाको काखमा छोडी काम विशेषको लागि विदेशमा जानुपरेको यथार्थतालाई नजर अन्दाज गर्न सकिन्न । रीता के.सी. स्वदेशमै रही नाबालिकालाई उचित हेरचाह नगरी मातृवात्सल्यबाट विमुख गराई थजाभावी हिँड्ने गरेको अवस्था भए यी नाबालिकालाई निवेदकले दावी गरेजस्तो निजकै जिम्मा लगाउनु पर्नेसम्म हुन सक्थ्यो । इजलाससमक्ष उपस्थित गराइएकी निज नाबालिकाको मनस्थिति हेर्दा यी निवेदकसँग जान डराउने, रूने र मलिन हुने जस्ता अतिसय बालमनोवृत्ति इजलासले महसूस गर्‍यो । यस्तो अवस्थामा बालमनोवृत्तिलाई असर पुग्ने गरी बाबु भएकै नाताले निजको जिम्मा लगाउँदा निज नाबालिकाको कलिलो बाल मस्तिष्कमा सदैव भय, त्रास रहिरहनसक्ने एक्लो अवस्थामा रहेका यी निवेदकको मागबमोजिम नाबालिकालाई विपक्षी नीमा के.सी.को जिम्माबाट अलग गरी निवेदकलाई बुझाउनसक्ने अवस्थासमेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असार ३ गते रोज २ शुभम् ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६७-CI-१११६, मानाचामल नाता कायम, *ईश्वरबहादुर मल्लसमेतको वारेस भई आफ्नो हकमा समेत मीनाकुमारी मल्लसमेत वि. गुमा गिरी*

डि.एन.ए. परीक्षण गर्दा वादीको कोखबाट जन्मेको बच्चाको पितृत्व प्रतिवादी ईश्वर मल्लसँग मेल नखाएको भन्ने देखिएको छ । अदालतले डि.एन.ए. परीक्षण गराउने आदेश गरी प्रतिवेदन आइसकेपछि उक्त परीक्षण प्रतिवेदनमा उल्लिखित रायलाई स्वीकार वा अस्वीकार गरी निर्णय गर्न अदालत स्वतन्त्र हुने भए तापनि त्यसको ठोस कारण उल्लेख गर्न सक्नुपर्दछ । डि.एन.ए. परीक्षण शत प्रतिशत सत्य हुन्छ भनी मान्न नसक्ने तर्क गर्ने हो भने त्यस्तो परीक्षणबाट प्राप्त नतिजालाई मिसिल संलग्न अन्य प्रमाणहरूसँग भिडाई हेर्दा मेल नखाएको र शङ्कास्पद अवस्थामा मात्र त्यसलाई नजरअन्दाज गर्न सकिन्छ । प्रस्तुत मुद्दामा वादी र निजका साक्षीको भनाईमा नै तथ्यगत फरक देखिएको अवस्थामा यस्तो प्रतिवेदनको कुरालाई उपेक्षा गरिहाल्न नमिल्ने ।

करणीजस्तो विषय सबैले देख्ने गरी हुने स्थानमा हुने नभए तापनि करणी भएको दिन र रातमा प्रतिवादी वादीलाई एकैसाथ देख्ने साक्षी वादीले एकजनाबाहेक अन्य पेस गर्न सकेको अवस्था छैन । ती एकजना साक्षीको कुरा पनि वादीको भनाइसँग शत प्रतिशत मिलेको अवस्था नहुँदा नाता कायम जस्तो मुद्दामा डि.एन.ए. परीक्षणबाट प्राप्त विशेषज्ञको रायलाई विना आधार अनयथा हो भन्न नमिल्ने । प्रतिवादीले

वादी दावीलाई अस्विकार गरेका डि.एन.ए. परीक्षणबाट बच्चाको जैविक बाबु प्रतिवादी होइन भन्ने देखिएको र विशेषज्ञले सो कुराको पुष्टि हुने गरी बकपत्र गरेको, डि.एन.ए. परीक्षण प्रतिवेदनको आधिकारिकतामा खण्डन गर्न सघाउ पुर्‍याउने प्रमाणको अभाव रहेको एवम् वादीले आफ्नो भनाइ पुष्टि गर्ने भरपर्दो प्रमाण पेस गर्न नसकेको अवस्थामा वादी र प्रतिवादीमध्येका ईश्वर मल्लबीच लोग्ने स्वास्नीको नाता कायम हुने र वादीले प्रतिवादीबाट मानाचामल भराइलिन पाउने ठहर गरी भएको सुरू फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, बाग्लुङको मिति २०६६।११।१२ को फैसला मिलेको नदेखिएकोले उल्टी हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CR-०८७९, जबर्जस्ती करणी, *लालबाबु भन्ने ललनकुमार यादव वि. नेपाल सरकार*

अदालतमा आई बकपत्र गर्ने पीडितकी आमा शान्तिदेवी मेहता, मन्जुदेवी मेहता एवम् जाहेरवालासमेतको भनाइबाट पनि वारदातको तत्कालपश्चात् पीडित निजको घरमा हुँदा पनि योनीबाट रगत आइरहेको, पीडित डरले थरथर काँपिरहेको अवस्थामा थिइन् भन्ने देखिन्छ । मिति २०६३।११।१६ गते साँझ अं.५.०० बजेको समयमा वारदात भएकोमा मिति २०६३।११।१८ गते साँझ ४.३० बजेको समयमा शारीरिक परीक्षण हुँदा पनि घटनाको अठ्चालीस घण्टासम्म पीडितलाई दुखेको र परीक्षण दुःखदायी (Painful) रहेको भनी चिकित्सकीय प्रतिवेदनबाट देखिएको छ । यस्तो अवस्थामा प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी नगरेको भनी मान्नसक्ने अवस्था नरहने हुँदा प्रतिवादीले पीडीतलाई जबर्जस्ती करणी गरेको ठहर गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।२।४ को फैसला सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २३ गते रोज २ शुभम् ।

१९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६९-CR-०९३४, सवारी ज्यान, *आसीराम माझी वि. नेपाल सरकार*

घटनास्थल मुचुल्काअनुसार ट्रक रोकिएको भनेको स्थानबाट २५ फिट घिसारिएर अगाडि पुगी पल्टिएको भन्ने देखिन्छ । प्रतिवादीले चलाएको बसले ट्रकलाई ठक्कर दिँदा निजले चलाएको बस निजले भने जस्तै ३५/४० कि.मि. प्रतिघण्टाको गतिमा भएको भए ट्रक घिसारिएर २५ फिटअगाडि पुग्नसक्ने देखिँदैन । ब्याट्रीले काम नदिने अवस्थामा नै गाडी चलाउनु र रोकिराखेको ट्रकमा नै ठक्कर दिन पुग्नुले लापरवाहीतर्फ सङ्केत गरेको मान्नुपर्दछ । अचानक बसको ब्रेक लगाउँदा बन्ने टायरको चिह्न, डाम, सङ्केतसमेत रहेको भन्ने मिसिलमा देखिँदैन । यसबाट बस अनियन्त्रित गतिमा रहेको भन्नेसमेत पुष्टि हुन आउँदछ । प्रतिवादीले आफ्नो बयानमा कसुरमा इन्कार रही व्यहोरा उल्लेख गरेको पाइयो, तर निजले राखेका साक्षीहरूको अदालतमा बकपत्र हुन सकेको पाइएन । यस्तो अवस्थामा प्रतिवादी चालकले लापरवाहीपूर्वक बस चलाएको होइन भन्ने जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर गरेको पुष्टि भएको हुँदा निजलाई सोही दफाबमोजिम २(दुई) वर्ष कैद हुने गरी भएको पुनरावेदन

अदालत, हेटौंडाको मिति २०६९।४।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०७०-WH-००३३, बन्दीप्रत्यक्षीकरण, *नवराज बिष्ट वि. नेपाल खाद्य संस्थान, अञ्चल कार्यालय, धनगढीसमेत*

भ्रष्टाचार जस्तो अपराध गरेबापत भएको दण्ड जरिवाना बिगो असुलीमा तहतहबाट फैसला हुँदै अन्तिम तह सर्वोच्च अदालतसमेतबाट फैसला सदर भई बिगो असुलसमेत गर्ने निर्णय भएको फैसला कानूनी प्रावधान (Statutory Provision) बाट भएको फैसला हो र त्यस्तो फैसलाबमोजिम भएको कारवाहीको सन्दर्भमा हुने कैद, जरिवाना बिगो जायजातबाट कायम हुने थुनाको सजायलाई वैयक्तिक स्वतन्त्रताको अपहरण भएको हो भनी परिभाषित गर्न मिल्दैन । वैयक्तिक स्वतन्त्रताको अपहरण कानूनी प्रावधान भन्दा बाहिर गई गैरकानूनी प्रक्रियाबाट व्यक्तिको स्वतन्त्रता अपहरण भएको अवस्थामा मात्र स्वतन्त्रताको अपहरण भएको भनी बन्दीप्रत्यक्षीकरण रिटमार्फत थुनामुक्त हुने आदेश जारी गर्न सकिने हुन आउँदछ । तर प्रस्तुत विवादमा माथि विवेचित आधार कारणहरूबाट निवेदकले मुलुकी ऐन, बाँकी नतिर्नेको महलको ३(ख) नं. ले सिर्जित गरेको कानूनी दायित्वबाट उन्मुक्ति पाउने अवस्था नदेखिँदा वैयक्तिक स्वतन्त्रता अपहरण भई न्यायिक अधिकार कुण्ठित भयो भनी दायर गरेको बन्दीप्रत्यक्षीकरणको प्रस्तुत रिट निवेदन कानूनसम्मत मान्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः जगन्नाथ पौडेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०७१ साल असार ३ गते रोज ३ शुभम् ।

- ०७०-WH-०३५७,उत्प्रेषण, *नवराज बिष्ट वि. नेपाल खाद्य संस्थान, अञ्चल कार्यालय, धनगढीसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CR-११८४, ११८५, १२०२,०६९-RC-०१०२, खुन डाँका कर्तव्य ज्यान, *खड्ग काम्बाङ्ग लिम्बु वि. नेपाल सरकार, मानबहादुर लिम्बु वि. नेपाल सरकार, नेपाल सरकार वि. खड्ग काम्बाङ्ग लिम्बुसमेत, नेपाल सरकार वि. आकाश भन्ने हर्कबहादुर सार्की*

प्रतिवादी हर्कबहादुर सार्कीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा समेत मृतकलाई रिभल्वरले गोली हानी मारेको हुँ भनी आफूले गरेको कसुरमा साबित भै बयान गरेको निजलाई सहअभियुक्त खड्ग काम्बाङ्ग लिम्बुले अधिकारप्राप्त अधिकारीसमक्षको बयान गर्दा पोल गरी बयान गरेको, घटनास्थलमा मृतकलाई मार्न प्रयोग गरिएको रिभल्वर बरामद भएको पाइएको, मृतकको शवपरीक्षण प्रतिवेदनमा मृत्युको कारणमा The cause of death is acute hemorrhage shock due to multiple visceral injury as a result of firearm injury भनी पाइएबाट मृतक विष्णुमाया लिम्बुको मृत्यु प्रतिवादी हर्कबहादुर सार्कीको कर्तव्यबाट भएको कुरामा विवाद नदेखिँदा प्रतिवादी हर्कबहादुर सार्कीको सम्बन्धमा पेस भएको साधक सदर हुने ।

वारदातको दिन मिति २०६५।१।२५ गते सहअभियुक्त हर्कबहादुर सार्कीसँगसँगै बसी

खाना नास्तासम्म खाएको तर मृतकको घरमा डाँका गर्ने कुनै योजना आफूले नबनाएको, वारदातस्थलमा आफू जाँदै नगएको भनी आरोपित कसुर गरेकोमा इन्कार रही अदालतमा बयान गरेको पाइए तापनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष मौकाको बयान कागज गर्दा गोपाल मादेन, हर्कबहादुर सार्कीसँग लजमा बसी मृतकको घरमा डाँका गर्न जाने सल्लाह भएकोमा साबित भई बयान गरेको पाइन्छ । वारदात भएकै दिन सहअभियुक्त हर्कबहादुर सार्कीसँग खाना नास्ता सँगै खाएको तथ्यलाई अदालतमा बयान गर्दासमेत स्वीकार गरेका र सहअभियुक्त आकाश भन्ने हर्कबहादुर सार्कीले खड्ग काम्बाङ्ग लिम्बुको आदेशमा मृतकको घरमा डाँका गर्न गएको भनी यी प्रतिवादीउपर पोल गरी अनुसन्धान अधिकारी र अदालतसमक्षको बयानमा लेखाई दिएका र यी प्रतिवादीको घरमा खानतलासी गर्दा खुकुरी तथा आलु बमसमेत बरामद भएको भनी बरामदी मुचुल्कामा लेखिएको पाइएबाट यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान माथि उल्लिखित प्रमाणहरूबाट समर्थित हुन आएको देखिनाले निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई अन्यथा भन्न मिलेन । त्यसकारण यी प्रतिवादीले मृतकको घरमा डाँका गर्ने योजना बनाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १६ नं. समेतको कसुरमा संलग्न रहेको पुष्टि हुने ।

प्रतिवादी शान्ते भन्ने मानबहादुर लिम्बुको हकमा विचार गर्दा यी प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष उपस्थित नभएको निजलाई अदालतमा मात्र उपस्थित गराइएको र निजले अदालतमा बयान गर्दा मृतक आफ्नो सासु नाताको भएको र आफूले अन्य प्रतिवादीहरूको साथ लागी मृतकको घरमा डाँका गर्न नगएको भनी आरोपित कसुर गरेकोमा इन्कार रही बयान गरी दिएका र निजको विरूद्ध सहअभियुक्त खड्ग काम्बाङ्ग लिम्बुले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा निजलाई पोल गरेको भए पनि निज सहअभियुक्तको सो बयानमा उल्लिखित कुरा अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भएको नदेखिएकोले यी प्रतिवादी अभियोग माग दावीबमोजिमको कसुरमा संलग्न रहेको प्रमाणित भएको भन्न मिलेन । अतएवः यी प्रतिवादी शान्ते भन्ने मानबहादुर लिम्बुलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्षको कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत, इलामको मिति २०६८।१०।२ को फैसला प्रमाणसङ्गतरूपले भएको नदेखिनाले उल्टी भै प्रतिवादी शान्ते भन्ने मानबहादुर लिम्बुले अभियोग दावीबमोजिमको कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

## इजलास नं. ४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७-WO-०१८२, परमादेश, *खड्गबहादुर रोकाया वि. प्रेमराज गिरीसमेत*

निवेदक मिति २०६२।६।१ देखि उमेर हदका कारण अनिवार्य अवकाश पाउनुपर्नेमा माओवादी द्वन्द्वकालमा भएको आक्रमणद्वारा कार्यालयमा भएको अभिलेख नष्ट भएबाट अनिवार्य अवकाश पाउनुपर्ने अवधि जानकारी नभएको र कार्यालयबाट पनि अनिवार्य अवकाशको जानकारी दिएको नदेखिएको अवस्था भै अनिवार्य अवकाश पाउने अवधिपश्चात् पनि बढी अवधि समय सेवा गरेबापत खाईपाईसकेको तलब भत्ता सुविधा अनिवार्य अवकाशपश्चात् निवेदकले पाउने सञ्चित घरबिदा, बिरामी बिदा, कर्मचारी कल्याणकोष, उपचार खर्च, उपदान, कर्मचारी सञ्चयकोषसमेत

कट्टा गरी असुल गर्ने गरेको जिल्ला विकास समितिको कार्यालय, मुगुका स्थानीय विकास अधिकारीबाट मिति २०६६।६।२५ को तोक आदेश कानूनसम्मत् र न्यायपूर्ण देखिएन । निवेदकको निवेदन मागदावी खारेज गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, जुम्लाको फैसला नमिलेकोले उल्टी हुने ।

रिट निवेदकले मिति २०६८।६।१ देखि २०६५।११।२५ सम्म सेवा अवधिपश्चात् बढी अवधि कार्य गरी खाईपाईसकेको तलब भत्ता सुविधा निजको सञ्चित घरबिदा, बिरामी बिदा, कर्मचारी कल्याणकोष, उपचार खर्च, सावधिक जीवनबीमा एवम् सञ्चयकोषसमेतका रकम कट्टा नगर्नु र २०६५।११।१ देखि १५ गतेसम्म रूजु हाजिर रही कार्य गरेको भए र तलब भुक्तानी भैनसकेको भए उक्त तलब भुक्तानी हुन छुट भएको दिन पन्ध्रको तलब निकासा गरी रिट निवेदकलाई भुक्तानी दिनु भनी विपक्षीहरू जिल्ला विकास समितिको कार्यालय, मुगुका स्थानीय विकास अधिकारीको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

इति संवत् २०७० साल माघ २६ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** २०६६ सालको पुनरावेदन नं. ०६६-CR-०६०९, प्रश्नपत्रको गोपनीयता भङ्ग गरेको, *अजयकुमार यादव वि. नेपाल सरकार*

परीक्षाको माध्यमबाट परीक्षामा सम्मिलित परीक्षार्थीहरूमध्ये उत्कृष्ट भै सफल हुने विद्यार्थी नै भविष्यमा मुलुकका लागि चाहिने योग्यतम, सक्षम र दक्ष जनशक्तिसमेत हुने हुँदा परीक्षा प्रणाली र परीक्षाको वातावरणले उत्कृष्ट परिणाम हासिल गर्न सक्षम भूमिका खेल्छ । निष्पक्ष र शुद्ध वातावरणमा सञ्चालित परीक्षाबाट सफल जनशक्तिले नै भविष्यमा आउनसक्ने चुनौतीहरूलाई सफलताका साथ समाधान गर्न सक्तछन् । यस्तो परीक्षा सञ्चालन गर्न खटिने व्यक्ति अत्यन्त जिम्मेवार र परीक्षा प्रणालीप्रति उत्तरदायी हुनैपर्छ । राज्यद्वारा निर्मित ऐनकानूनसमेतका दायराभित्र रही पदीय जिम्मेवारी इमान्दारीताका साथ बहन गर्नुपर्ने पदाधिकारी स्वयम् नै आफ्ना विद्यार्थीलाई कसरी अधिक अङ्क प्राप्त गरी राम्रो श्रेणीमा उत्तीर्ण गराउन सकिन्छ भन्नेतर्फ यी पुनरावेदक योजनाबद्धरूपमा लागिपरी प्रचलित ऐन, कानून, विनियम, परिपत्र तथा निर्देशकहरूसमेतको बर्खिलाप हुने कार्य गरी प्रश्नपत्रको गोपनीयता भङ्ग गरी आफ्नो पदीय जिम्मेवारीसमेत इमान्दारीताका साथ पालना गरेको नदेखिँदा पुनरावेदक प्रतिवादी अजयकुमार यादवले आरोपित कसुर गरेको प्रमाणित भएबाट निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ को कसुरमा निजलाई तीन महिना कैद र रू.५,०००।- (पाँच हजार) जरिवाना हुने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको मिति २०६६।१०।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

इति संवत् २०७१ साल जेठ २० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६७-CR-१२८६, कर्तव्य ज्यान, *ताराबहादुर घर्ती वि. नेपाल सरकार*

कसैले कसैलाई मार्न जाउँ भनी करबल गरेको आधार देखाउँदैमा गरिएको मार्ने आपराधिक कार्यको सजायबाट कसैले पनि उन्मुक्ति पाउन सक्तैन । बाबुले करबल गऱ्यो र बाबुको कुरा विभिन्न परिस्थितिले काट्न नसकी

ज्यान मार्ने कार्य गर्‍यो भने पनि त्यो ज्यानमारा नै हुन्छ । आफूले गरेको कार्यको परिणाम आफूले भोग्नपर्ने नै हुन्छ । तसर्थ बाबुको करबलबाट अपराध गरें भनी कसुरजन्य सजायबाट उन्मुक्ति पाउन लिइएको पुनरावेदक ताराबहादुर घर्तीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादी ताराबहादुर घर्ती मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम कसुर ठहर गरी सजाय गर्ने गरेको सुरू म्याग्दी जिल्ला अदालतको मिति २०६६।११।१८ को फैसला सदर गरेको पुनरावेदन अदालत, बाग्लुङको मिति २०६७।४।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

दुरमती घर्ती र कुमारी रोकालाई मार्नुपर्नेसम्मको पूर्व रिसइबि यी प्रतिवादीको हकमा रहेको भन्ने मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिएको अवस्था नरहनु, निजले कसुरमा आफ्नो संलग्नता सम्बन्धमा अनुसन्धान अधिकारी र अदालतसमेतमा सत्य व्यहोरा भनी अदालतलाई गुमराह गर्न नखोजी न्यायिक कामकारवाहीमा सहयोग पुर्‍याएको अवस्था र कसुर अपराध गरेउपर निजमा उत्पन्न भएको पश्चातापको भावसमेतका आधार कारणहरूबाट पुनरावेदक प्रतिवादी ताराबहादुर घर्तीलाई ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने भई अ.बं. १८८ नं. बमोजिम ८ (आठ) वर्ष कैद गर्नु मनासिब नै देखिँदा म्याग्दी जिल्ला अदालतबाट प्रतिवादी ताराबहादुरलाई अ.बं. १८८ नं. बमोजिम ८ (आठ) वर्ष कैद गर्ने गरी व्यक्त भएको राय सदर गर्ने पुनरावेदन अदालत, बाग्लुङको राय मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल असार ११ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** २०६८-CI-०८८३, निषेधाज्ञा, *महेन्द्रमान शाक्य वि. सानुछोरी शाक्य*

विपक्षीले जिकिर लिएको कि.नं. ७३ र ७६ मा बाटो रहेको भनी उल्लेख गरेको भए पनि कि.नं. ७३ र कि.नं. ७६ ले निवेदकको कि.नं. ६८ र ६९ को जग्गालाई छोएको नदेखिँदा कि.नं. ७७ बाहेक अन्य वैकल्पिक निकास रहे भएको उक्त मितिको नक्सा मुचुल्काबाट देखिन आएन । बाटो भनी जिकिर लिएकोमा सर्भे नक्सामा कित्ताकाट भएको नक्साको प्रकृति, बाटो भनिएको स्थानको स्वरूप र प्रकृति, बाटो भनेको घरजग्गासँग बाटोको पहुँच, इत्यादि सबै सेरोफेरोलाई विचार गर्नुपर्ने हुन्छ । यहाँ कि.नं. ७७ को आकारप्रकार बाटोको छ, त्यो स्थलमा कालोपत्र (पीच) बनेको छ । रिट निवेदिकाको जग्गालगायत अरूहरूको विभिन्न कित्ताबाट बाटो निकासको प्रकृति देखिएको छ । यस्तो आवतजावत र निकास जस्तो संवेदनशील विषयलाई सामान्य ढङ्गबाट लिन मिल्ने अवस्था नदेखिँदा निवेदकले निवेदनमा उल्लेख गरेका कि.नं.६८ र ६९ को जग्गामा ओहोरदोहोर र आवत जावत गर्नको लागि कि.नं.७७ बाहेक अन्य वैकल्पिक निकास नभएको र कि.नं.७७ पीच (कालोपत्र) भनी नक्सामा जनिएकोबाट निवेदकको उल्लिखित जग्गामा आउने जाने निकास बाटो बन्द नगर्नु नगराउनु भनी मिति २०६८।३।२२ मा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल असार २२ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CR-०१८४, कर्तव्य

ज्यान, *भरत वि.क. वि. नेपाल सरकार*

प्रतिवादीका साला नाता पर्ने मृतकले आफ्नो बाबु गणेश परियारलाई अनावश्यक गालीगलौज गर्दा प्रतिवादीले निजलाई सम्झाउने बुझाउने सिलसिलामा रक्सीको नशामा रहेका मृतकले पहिला प्रतिवादीलाई हातपात गरेको त्यसको केही समयपछि आफ्ना नातागोता गठमेलका मानिसहरू साथमा लिई प्रतिवादीलाई कुटपीट गरेको तत्कालको स्थितिमा प्रतिवादीको साथबाट चक्कु निस्किन पुगी बायाँ पाखुरामा लाग्न गएको पाखुराको घाउको प्रकृति पनि सामान्य भई तत्काल उपचार नगराएको कारण बढी रगत बग्न जाँदा मृतकको मृत्यु हुन पुगेको देखिन्छ । परिस्थितिवश मृतककै कारण विवादका क्रममा चोट लागी वारदात घट्न गएको अवस्था विचार गर्दा प्रतिवादीलाई ऐनबमोजिम सजाय दिँदा चर्को हुने चित्तले देखिँदा प्रतिवादी भरत वि.क.लाई निजले गरेको कसुरको प्रकृतिअनुसार आवेशप्रेरित भन्दा कम भवितव्य भन्दा केही बढी कैद वर्ष ५ हुन मनासिब देखिन्छ । यस स्थितिमा अ.बं. १८८ नं. बमोजिम पुनरावेदन अदालत, तुलसीपुरबाट व्यक्त भएको रायसमेत मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल असोज २२ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-RC-००९७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तपसी महतो*

मृतक र प्रतिवादी काम गरिरहेको अवस्थामा मृतकलाई प्रतिवादी तपसी महतोले नै सुर्ती बनाउन दिएको अवस्थामा तत्कालै ज्यान लिने इबिलागले प्रहार गर्नुपर्ने कुनै कारण नै देखिँदैन । यस्तो अवस्थामा प्रतिवादीले आफूलाई तत्काल उठेको रिसको कारणले प्रहार गरेको हुँ भन्ने नै भनाइलाई सही मान्नुपर्ने बाहेक अरू विकल्प रहेको देखिन आएन । तत्काल उठेको रिसको आवेगमा प्रहार गर्दा ज्यान मरेको अवस्थामा ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने हो कि भनी विचार गर्नुपर्ने देखियो । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुन प्रहार हुने काम लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिको प्रयोग भएको अवस्थामा आकृष्ट हुनसक्छ । लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि प्रयोग भन्ने शब्दहरूले धारिलो हतियार, भाला, बन्दुक जस्तो जोखिमी हतियारहरूलाई समेट्दैन । तसर्थ जोखिमी हतियारको प्रयोग भएको अवस्थामा ज्यानसम्बन्धीको महलको १४ नं. लाई सान्दर्भिक कानून मान्न मिल्ने देखिँदैन । प्रस्तुत मुद्दाको वारदातमा कोदालो जस्तो धारिलो जोखिमी हतियारको प्रयोग भएको हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १४ नं. अनुरूपको कसुर मानी सजाय गर्न नमिली प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

तत्काल उठेको रिसको कारण प्रहार गरेको कसुरमा लाठा, ढुङ्गा, लात, मुक्काको प्रयोग गरेकोमा ज्यानसम्बन्धीको महलको १४ नं. अनुरूप १० वर्ष कैद सजाय हुन सक्नेमा कोदालो जस्तो जोखिमी हतियारको प्रयोग भएको कारणले उक्त नम्बरअनुरूपको कसुर र सजाय हुन नसकी ज्यानसम्बन्धीको महलको १३(१) नं. अनुरूपको कसुर र सजाय हुन पुगेको अवस्था छ । तसर्थ अपराध हुँदाको अवस्था, प्रतिवादीको अपराध गर्ने पूर्व मनसाय, तयारी नभई तत्काल उठेको रिसबाट अपराध घटित भएको अपराधको प्रकृतिसमेतको आधारबाट निजलाई १० वर्षको हाराहारीमै केही थप वा घट गरी कैद सजाय तोकिनुपर्ने देखिन आयो । मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १६

वर्ष कैद गर्ने गरी सुरू धनुषा जिल्ला अदालतबाट राय व्यक्त भएकोमा पुनरावेदन अदालत, जनकपुरबाट १६ वर्ष कैद गर्दा चर्को पर्ने भनी १० वर्ष मात्र सजाय गर्न उपयुक्त हुने भनी राय व्यक्त भएको पाइन्छ । अब, प्रतिवादीलाई १० वर्षभन्दा बढी कैद गर्नुपर्ने हो वा घटी हुनुपर्ने हो भन्नेतर्फ विचार गर्दा प्रतिवादीले एक पटक मात्र प्रहार नगरी पटकपटक प्रहार गरेको देखिँदा निजलाई १० वर्ष कैदभन्दा बढी नै कैद गर्नुपर्ने अवस्था रहेकोले निजलाई पुनरावेदन अदालतले लगाएको राय १० वर्षको कैद सजायभन्दा माथि र जिल्ला अदालतबाट लगाएको १६ वर्ष कैद सजायको रायभन्दा कमको सजाय लगाउनुपर्ने अवस्था रहेको पाइयो । प्रतिवादीले रिसकै झोकमा प्रहार गरेको भए पनि पटकपटक प्रहार गरेको देखिँदा निजलाई कैद वर्ष १३ गर्दा यथोचित हुन पुग्ने देखिन आयो । प्रतिवादीले कोदालो जस्तो धारिलो जोखिमी हतियारले पटकपटक प्रहार गरेको र सोही चोटबाट मृत्यु भएको अवस्था हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १३ वर्ष कैद हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०७१ साल असार ६ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-००१४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खड्गबहादुर सिदालीमगर*

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान प्रतिवादी जीतबहादुर लामिछानेले आफू कसुरमा साबित भै प्रतिवादी खड्गबहादुर सिदाली मगर, धनबहादुर सिदाली मगर चित्रबहादुर सिदाली मगर र दुर्गाबहादुर सारूले गरेको कसुरसमेत खुलाई अदालतसमक्ष गरेको बयान, प्रतिवादी खड्गबहादुर सिदाली मगरको अदालतसमक्ष भएको साबिती बयान, मिसिल संलग्न लास जाँच घटनास्थल मुचुल्का तथा शव परीक्षण प्रतिवेदन तथा जाहेरवाला र मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरू टेकबहादुर बि.क. को मृत्यु प्रतिवादीहरू, खड्गबहादुर सिदाली मगर, जीतबहादुर लामिछाने, धनबहादुर सिदाली मगर, चित्रबहादुर सिदाली मगर र दुर्गाबहादुर सारूको कर्तव्यबाट भएको भन्ने तथ्य शङ्कारहित तवरले पुष्टि भएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरमा सोही १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरी सुरू सिन्धुली जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६८।९।१३ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०७१ साल असार ६ गते रोज ६ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६४-CR-०८०२, अदालतको अवहेलना, *अम्बिकादेवी श्रेष्ठ वि. कृष्णमुरारी ढकाल*

विपक्षीले अदालतको आदेश यस प्रकारले उल्लङ्घन भएको भनी निवेदकबाट वस्तुनिष्ठ प्रमाणसमेत पेस हुन सकेको देखिँदैन । जहाँसम्म पत्रिकामा प्रकाशित समाचारलाई आधार लिई निवेदकले घर भत्काउन गएको भन्ने पुनरावेदन जिकिर छ सोतर्फ विचार गर्दा पत्रिकामा प्रकाशित समाचार वस्तुनिष्ठ एवम् सत्यतामा आधारित हुन्छ भन्न सकिँदैन । पत्रिकामा प्रकाशित सूचनालाई प्रमाणको रूपमा स्वीकार गरी अदालतको

अवहेलनामा सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने दावी पुग्न नसक्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।८।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः चाणकमणि अर्याल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल भदौ १५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०६५२, अंश नामसारी, *मानिराम ढाडीसमेत वि. गोबर्धनप्रसाद ढाडी*

प्रतिवादी रामपत ढाडीले बकसपत्रद्वारा प्राप्त गरेको जग्गाहरू आफ्नै सगोलको हजुरआमाबाट पाएको देखिएको र यसरी सगोलको अंशियारबाट बकसपत्रका रूपमा प्राप्त गरेको जग्गालाई निजी आर्जनको भनी मान्न मिल्ने अवस्था देखिँदैन । सगोलका अंशियारबीच अंशबन्डा गर्नुपर्ने नै हुन्छ । अतः कि.नं. ५१३ को जग्गा बन्डा नलाग्ने गरेको तथा हालैको बकसपत्र बदर लिखत बदर मुद्दाबाट लिखत बदर भई वादीले तायदाती फाँटवारीमा उल्लिखित घर जग्गामध्ये २ खण्डको १ खण्ड अंश पाउने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्युटरः रानु पौडेल

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-CR-०३४६, कर्तव्य ज्यान, *मनिसा राई वि. नेपाल सरकार, नेपाल सरकार वि. राजन राईसमेत*

मृतकले प्रतिवादी र आफूबीचको शारीरिक सम्बन्धको कुरा प्रकाशमा ल्याई प्रतिवादीलाई धाकधम्की दिई कुनै अनुचित माग गरेको समेतको कुरा प्रमाणित भएको पाइँदैन । उल्टो प्रतिवादीको दुखेको हातमा मृतकले ब्यान्डेज बाँधेको र त्यसरी बाँध्दा जोरजबर्जस्ती गरेको देखिँदैन । यी दुईबीच शारीरिक सम्पर्क रहेको स्तरसम्मको पूर्व सम्बन्धमा केही मनमुटाव आएको, त्यसबाट मृतक आहत भएको, सो कुराले गर्दा पत्नीसँग मृतकको झगडा परी निजको पारिवारिक जीवन पनि अशान्त भएको कारणले गर्दा प्रतिवादीले मृतकलाई पहिला जस्तै माया गर्ने गरी पूर्ववत् सम्बन्ध कायम गर्नको लागि प्रतिवादीको मन जित्ने सन्दर्भमा प्रतिवादीले जाऊ भन्दासमेत मृतक अटेर गरी खाटमा सुती बस्दैमा प्रतिवादीले मृतकको ज्यानै लिनुपर्ने किसिमको कुनै पनि औचित्य कानून तथा न्यायले प्रतिवादीलाई प्रदान गरेको छैन । मृतकसँगको सम्बन्धबाट मुक्ति पाउनका लागि प्रतिवादीले निजकी आमा आदिलाई गुहार्ने कुनै बाधा थिएन । यसर्थ यसमा मुलुकी ऐन, अ.बं. १४ नं. को अवस्था रहेको नदेखिने ।

प्रतिवादी मनिसा राईलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू धादिङ जिल्ला अदालतको फैसला सदर गरेको र प्रतिवादीहरू राजन राई र धनमाया राईलाई ज्यानसम्बन्धीको महलको ४, २५ र २६ नं. बमोजिम जनही १ वर्ष ६ महिना कैद र रू. २०।- जरिवाना हुने ठहर्‍याएको सुरूको फैसला केही उल्टी गरी निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको ४ र २५ नं. बमोजिम जनही ६ महिना कैद र रू. २०।- जरिवाना हुने ठहर्‍याएको पुनरावेदन

अदालत, पाटनको मिति २०६९।११।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी मनिसा राईलाई अ.बं. १८८ नं. को प्रयोग गरी कैद वर्ष ५ गर्नुपर्ने भनी सुरू तथा पुनरावेदन अदालतबाट व्यक्त भएको राय सम्बन्धमा विचार गर्दा मृतक र प्रतिवादी मनिसा राईबीचको सम्बन्ध सहमतियजन्य यौन सम्पर्कसमेतको तहमा पुगी घनिष्ठता परिणत भएको सो सम्बन्ध नटुटोस् भन्नका लागि सदाझैं रातिको समयमा प्रतिवादी मनिसा राईको कोठामा मृतक पुगेको र प्रतिवादी मनिसा राईको सहमतिबेगर जबर्जस्ती गर्न खोजेको भन्ने कुरा प्रमाणित हुन नसकेको, सम्बन्ध विश्वासपूर्ण रहेको अवस्थामा सदाझैं मृतक मनिसा राईको खाटमा बस्नुसमेतको कार्य आफैंमा आपत्तिजनक अस्वाभाविक नदेखिएको, धान गोड्दा प्रतिवादी मनिसा राईको हात दुखेको थाहा पाएपछि मृतकले प्रतिवादीको हातमा ब्यान्डेजसमेत गरिदिएको, मृतकले प्रतिवादीसँग वादविवाद गरेको वा प्रतिवादीलाई शारीरिक वा मानसिक तवरबाट धाक धम्की दिएको, प्रतिवादीउपर अनुचित कार्य वा कुटपीट, धरपकड, लछारपछार गाली बेइज्जती गरेको समेतको काम कुरा प्रमाणित हुन नसकेको र मृतक निश्चित भै प्रेमिकाको खाटमा पल्टेको अवस्थामा प्रतिवादी मनिसा राईले झुक्याएर मृतकको पेट र लिङ्ग जस्तो संवेदनशील अङ्गमा लात्तीले पटकपटक प्रहार गर्नु र त्यसबाट मृतकलाई ठूलो बेदना भै ईँइँ गर्दा निजलाई बचाउने कुनै प्रयास नगरी उल्टै मृतकको प्राण नउडुन्जेल मुख थिच्याथिच्यै गर्नु जस्ता कार्य औचित्यरहित नियतजन्य हत्याभित्र पर्ने देखिन्छ । यसलाई मुलुकी ऐन, अ.बं. १८८ नं. मा भवितव्य हो कि भन्न हुनेसम्मको शङ्काले वा अपराध गरेको अवस्थाको विचार गर्दा भनी उल्लेख भएको वाक्यांशले समेट्नसक्ने देखिँदैन । तर प्रतिवादी मनिता राईलाई अ.बं. १८८ नं. को अक्षरले समेट्न नसके पनि यस अदालतबाट प्रतिपादित नजिरहरूले अभियुक्तको उमेर, न्यायसम्पादनमा निजले गरेको सहयोग (यो आंशिक पनि हुन सक्छ जस्तो कि यो मुद्दामा प्र. मनिसाको प्रहरी साबिती) आदि कुराहरूलाई पनि अ.बं. १८८ नं. बमोजिम कम सजाय गर्ने आधार बनाएको पाइन्छ । तर उक्त आधार ग्रहण गर्दासमेत अवैध जातक हत्या जस्ता वारदातमा सम्म २, ३, ५ र १० वर्ष कैदको राय व्यक्त भै आएको यस अदालतको रायसम्बन्धी इतिहास रहेको पृष्ठभूमिमा विश्वासघात गरी वयस्क साथीलाई कर्तव्य गरी मारेको प्रस्तुत वारदातमा प्रतिवादी मनिता राईलाई ५ वर्षमात्र कैद हुनुपर्ने भनी व्यक्त भएको पुनरावेदन अदालतसमेतको रायसँग सहमत हुन सकिएन । यसमा प्रतिवादी मनिसा राईको उमेर, निजलाई परेको तनाव आदि विचार गरी निजलाई ८ वर्ष कैद सजाय गर्दा न्यायको उद्देश्य पूर्ति हुने देखिँदा प्रतिवादी मनिसा राईलाई ८ (आठ) वर्ष कैद हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल भदौ ११ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६९-CR-०४३७, जबर्जस्ती करणी, *यदुकुमार भन्ने यदुलाल सुनार वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाकी पीडित यी पुनरावेदक प्रतिवादीकी साखै छोरी र १३ वर्ष उमेरकी नाबालिका भएकी र निजले आफ्नो बाबुले आफूउपर अपराधजन्य कुनै कार्य नगरेको भए बिनाकारण निजलाई फसाउने उद्देश्यले मात्र जाहेरी गर्नुपर्ने कुनै वस्तुनिष्ठ कारण यी प्रतिवादीले

पेस गर्न सकेको देखिँदैन । पुनरावेदकले आफूले कान्छी श्रीमती ल्याएको कारणले आफूमाथि झुट्टा उजुरी दिएको भन्ने जिकिर लिएको सन्दर्भमा सो कारणले पीडित छोरीले आफ्नो बाबुउपर जबर्जस्ती करणीजस्तो गम्भीर प्रकृतिको आरोपमा नभए नगरेको कुरा गरी आफैंउपर नकारात्मक प्रभाव पर्ने गरी जबर्जस्ती करणीको आरोप लगाएकी होलिन् भनी मान्न सकिने अवस्था देखिँदैन । पीडितको जाहेरी, निजको अनुसन्धान अधिकारीसमक्षको कागज र अदालतमा गरेको बकपत्रमा बाबुले आफूले आफूमाथि गरेको आपराधिक क्रियाकलाप स्वाभाविक र सिलसिलेवाररूपमा व्यक्त गरी लेखाई दिएको पाइँदा छोरीले आफ्नो साखै बाबुप्रति मिथ्या आरोप मात्र लगाएकी हुन् भनी मान्न नमिल्ने ।

आफूले लालनपालन, संरक्षण गर्नुपर्ने आफ्नै नाबालिका छोरीलाई डर, धाक, धम्की दिई अनुचित प्रभावमा पारी जबर्जस्ती करणी तथा यौन दुर्व्यवहारजन्य घृणित आपराधिक कार्य गरेको कुरा पुष्टि भएको देखिँदा निजलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ र २ नं. को कसुर अपराधमा ऐ. ३(२) नं. बमोजिम १२ वर्ष कैद र ऐ. ९क. नं. बमोजिम थप १ वर्ष कैद तथा हाडनाता करणीको महलको १ नं. बमोजिम १० वर्ष कैद हुने र जबर्जस्ती करणीको महलको १० नं. बमोजिम रू. ४०,०००।- क्षतिपूर्ति पीडितले प्रतिवादीबाट भराई पाउने ठहर्‍याएको सुरू रसुवा जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।४।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः चन्द्रा तिमिल्सेना

इति संवत् २०७१ साल भदौ ११ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CI-१५०४, निषेधाज्ञा/परमादेश, *रामेश्वरी कँडेलसमेत वि. कृषि विकास बैङ्क, बैङ्किङ कार्यालय, कालिमाटी, काठमाडौंसमेत*

बैङ्कले अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित गराएको सूचनामा ऋणी कार्यशिला कन्सट्रक्सन प्रा.लि.लाई कानूनबमोजिम बैङ्कबाट लिएको कर्जा रकम ३५ दिनभित्र बुझाउन आउनु र उक्त म्यादभित्र रकम नबुझाएमा कानूनबमोजिम धितो सुरक्षणबाट असुलउपरको कारवाही अगाडि बढाउने भन्नेसम्मको व्यहोरा उल्लेख भएको देखिएबाट विपक्षी बैङ्कबाट यी निवेदकहरूको साम्पत्तिक हकमा कानूनविपरीत आघात परेको भनी मान्न मिल्ने देखिएन । साथै विपक्षी बैङ्कबाट ऋणी कार्यशिला कन्स्ट्रक्सन प्रा.लि.ले लिएको कर्जा रकम फरफारक भैसकेको नदेखिएको अवस्थामा निवेदन मागबमोजिम सुरक्षणबापतको धितो फुकुवा गर्नु भनी आदेश गर्नसमेत मिल्ने नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।१३ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०७१ साल साउन २७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CR-०६७२, लुटपीट, *हरिकृष्ण यादव वि. सरयुग यादवसमेत*

बिहान ७ बजेदेखि बेलुका ४ बजेसम्म प्रतिवादीहरूले गहुँबाली लुटपीट गरी घरमा लगेको भन्ने टेक्टरको नम्बरसमेत वादीले

खुलाउन सकेको पाइँदैन । वारदातस्थलमा वादी मौजुद रहेकै अवस्थामा बिहानदेखि बेलुकी लामो अन्तरालसम्म प्रतिवादीहरूले गहुँबाली लुटपीट गर्दासमेत पनि सो रोक्न वादीको कुनै प्रयास नहुनुबाट समेत लुटपीटको वारदात भएको भन्ने पुष्टि भएको मान्न नमिल्ने हुँदा प्रतिवादीले लुटपीट गरेको ठहर्‍याई सुरू सिरहा जिल्ला अदालतबाट मिति २०६६।३।१६ मा भएको फैसला उल्टी गरी वादी दावी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।४।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०७१ साल असार १९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०११२, निषेधाज्ञा, *देवनारायण महर्जन वि. नारायणकृष्ण भुसालसमेत*

निवेदकले आफूलाई कागज गराई छाडेको भनी जिकिर लिएको सम्बन्धमा अधिकारप्राप्त निकायले पुनरावेदकले जिकिर लिएअनुसारको कुनै कागज नबनाएको भनी इन्कार गरी जवाफ दिएको र त्यस्तो कागज गराएकै भए पनि स्वतः बदर हुने नै हुँदा निवेदन दावीअनुसार कारवाही गर्ने, पक्राउ गर्ने र प्रहरीमा लगी कागज गराउनेसमेतका सम्भावनासमेत नरहेको अवस्थामा विपक्षीमध्येका नारायणकृष्ण भुसालले निवेदन दावी स्वीकार गरी लिखित जवाफ प्रस्तुत नगरेको कारणले मात्र निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी लिनुभएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।२।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०७१ साल भदौ २ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०५३५, निषेधाज्ञा, *छब्बु मियाँ वि. कुलानन्दप्रसाद साहसमेत*

विवादित कि.नं. ३५८ को जग्गा सार्वजनिक जग्गा भएको कुरा मिसिल संलग्न अदालतबाट मिति २०६६।६।२७ मा भएको नक्सा मुचुल्काबाट पुष्टि भएको छ भने निवेदक स्वयंले पनि सो कुरालाई अन्यथा भन्न सकेको देखिँदैन । उक्त नक्सा मुचुल्काको न.नं. १ मा जानकी मन्दिर रहेको र न.नं. ६ मा नाथको थान रहेको देखिन्छ । यी दुई मन्दिरहरूको बीचमा न.नं. २, ३, ५ र ९ मा यी निवेदकसमेतका मुस्लिम समुदायका मानिसहरूको घर रहेको देखिन्छ । नेपाल बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक र धार्मिक सहिष्णुता भएको देश हुनुका साथै सबैले प्रचलित सामाजिक एवम् साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने र प्रत्येक धार्मिक सम्प्रदायलाई कानूनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक संविधानले नै प्रदान गरेको अवस्थामा धार्मिक सद्भाव खल्बलिने अन्य कारण रहेको भनी यी निवेदकले आफ्नो निवेदनमा खुलाउन नसकेको अवस्थामा निवेदकसमेतका घर नजिक हिन्दु धर्मावलम्बीको मन्दिर रहेकै कारणले मात्र धार्मिक सद्भाव खल्बलिन जान्छ भनेर भन्नु सरासर अनुचित हुन जाने देखिँदा रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०७१ साल भदौ २ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-१५५९, उत्प्रेषण/परमादेश, *दुखीप्रसाद हलुवाई वि. स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुर*

गङ्गाप्रसाद यादवले दायर गरेको उत्प्रेषण मुद्दाको निर्णयले यी निवेदकको नोकरी पुनः बहाल रहेको अवस्था रहेको देखिँदैन । यसरी नोकरीमा पुनः बहाल भएको नदेखिएको अवस्थामा निवेदकलाई नोकरीमा बहाल रहेसरह मागबमोजिमको तलब भत्ता दिन कानूनतः मिल्ने देखिँदैन । यसरी निवेदकले आफूलाई नोकरीबाट हटाउने गरी सगरमाथा अञ्चलाधीश कार्यालयबाट भएको निर्णयउपर पुनरावेदन गर्न पाउने वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी उक्त निर्णयलाई स्वीकार गरी बसी ५८ वर्षको उमेर नाघेपछि मात्र अनुचित विलम्ब गरी निवेदन दायर गर्न आएको देखिएको र निवेदक अदालतको आदेशद्वारा पुनः निजामती पदमा बहाल रहेको पनि नदेखिएकोले निवेदन मागबमोजिम तलब भत्ता दिलाउन मिल्ने नदेखिँदा पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१०।१८ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०७१ साल भदौ २ गते रोज २ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०४५४, १०२२ उत्प्रेषण/निषेधाज्ञा/परमादेश, *विनोदबहादुर कुँवर वि. मञ्जु थापा, मञ्जु थापा वि. विराटनगर भन्सार कार्यालयसमेत*

भन्सार ऐन, २०६४ को दफा १९(२) मा "उपदफा (१) बमोजिम जाँच गर्दा त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न नपाइने वा प्रतिबन्धित भएको पाइएमा प्रचलित कानूनबमोजिम अनुसन्धान वा कारवाहीका लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष पठाउनु पर्नेछ" भन्ने व्यवस्थाअनुसार भन्सार अधिकृतले निकासी गर्न ल्याएको सुपारीको सम्बन्धमा उपदफा (१) बमोजिम जाँच गर्दा प्रतिबन्धित भएको अवस्थामा मात्र थप अनुसन्धान वा कारवाहीको लागि सम्बन्धित निकाय वा अधिकारीकोमा पठाउनुपर्नेमा त्यस्तो निकासी गर्न प्रतिबन्ध लागेको सुपारी हो वा होइन भन्ने सम्बन्धमा अधिकारप्राप्त निकाय विराटनगर भन्सार कार्यालयले निर्णय गर्नुपर्नेमा त्यस्तो निर्णय नगरिरहेको अवस्थालाई कानूनद्वारा निर्धारित प्रक्रिया पुर्‍याएको भन्न नमिल्ने ।

पुनरावेदन अदालत, विराटनगरबाट साधिकार निकायले आफ्नो साधिकार क्षेत्रभित्रको विषयमा आफैंले र आफूसामु पर्न आएको आफूले हेर्न नमिल्ने विषय भएमा सम्बन्धित निकायमा पठाई दिनुपर्ने हुन्छ । निवेदक मनकामना इम्पोर्ट एक्पोर्ट कम्पनीउपर मुद्दा चलाउनुपर्ने नपर्ने वा निकासा दिन मिल्ने नमिल्ने सम्बन्धमा आदेशको जानकारी पाएका मितिले २० (बीस) दिनभित्र निर्णय गर्नु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ठहर्‍याएको मिति २०६९।६।१ को पुनरावेदन अदालत, विराटनगरको आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः विनोद रखाल

इति संवत् २०७१ साल साउन २० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-१२६५, उत्प्रेषण, *हरिबहादुर थापामगर वि. पुनरावेदन*

*अदालत, जनकपुर, धनुषासमेत*

एकातिर विधि र प्रक्रिया पूरा गरी सिन्धुली जिल्ला अदालतको तहसिल शाखाबाट भएको पञ्चकृते मूल्याङ्कन मुचुल्कालाई सिन्धुली जिल्ला अदालत हुँदै पुनरावेदन अदालत, जनकपुरसमेतले तहतह गर्दै सदर गरेको अवस्था छ भने अर्कोतर्फ रिट निवेदक हरिबहादुर थापामगरले मिति २०७१।०२।१८ गते यस अदालतमा निवेदन दिई वादी पशुपति कार्की र आफू प्रतिवादी भएको बिगो मुद्दामा सिन्धुली जिल्ला अदालतबाट आफूले प्रत्यर्थी पशुपति कार्कीलाई रू. १,१२,०६८ दिनु बुझाउनुपर्ने गरी भएको फैसला र सो फैसलालाई पुनरावेदन अदालत, जनकपुरले सदर गरेको बिगो मिति २०७०।०७।१४ गते सिन्धुली जिल्ला अदालतमा दाखिला गरिसकेको र सोबमोजिम आफ्नो रोक्का रहेका कि.नं. १०७ र ३७ फुकुवासमेत भैसकेकोले आफूले यस अदालतमा दिएको प्रस्तुत रिट निवेदन तामेलीमा राख्न अनुरोध गरेको देखिएबाट रिट निवेदनमा उठान गरिएका विषयहरू समाधान भैसकेको देखिएको हुँदा र यसलाई मिति २०७०।०७।२४ गते सिन्धुली जिल्ला अदालतबाट श्री मालपोत कार्यालय, सिन्धुलीलाई रोक्का जग्गा फुकुवा गरिदिन लेखेको पत्रसमेतबाट पुष्टि भएबाट यस रिट निवेदनको औचित्यता र सान्दर्भिकता समाप्त भै सकेकोले यस विषयमा थप केही बोलिरहन परेन । अतः प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः अर्जुनप्रसाद कोइराला

इति संवत् २०७१ साल भदौ २६ गते रोज ५ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WO-०७२५, उत्प्रेषण, *रविविक्रम शाह वि. ऋण उपभोक्ता संघ नेपाल, केन्द्रीय कार्यालय चाबहिल काठमाडौंसमेत*

निवेदकले प्रचलित कानूनबमोजिमको सबै उपचारको मार्ग अवलम्बन गरिसकेपछि मात्र असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । यी निवेदकलाई काठमाडौं जिल्ला अदालतबाट कैदमा राख्न पक्राउ पुर्जी जारी गर्ने भनी गरेको आदेश पुनरावेदन अदालत, पाटनबाट समेत सदर गर्ने गरी भएको उक्त आदेश मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १९ नं., दण्ड सजायको महलको ४२ नं. बमोजिमको कानूनी दायराभित्र रही गरेको देखिएको र यसरी कानूनसम्मत् भएको कामकारवाहीलाई निवेदन मागबमोजिम असाधारण अधिकारक्षेत्र ग्रहण गरी उत्प्रेषणको आदेश जारी गरी बदर गरिरहन औचित्यपूर्ण नदेखिनाले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल वैशाख २ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WO-०७२२, प्रतिषेध, *रणबहादुर तामाङ वि. काभ्रेपलाञ्चोक जिल्ला जनागाल उग्रतारा गाविस वडा नं. ५ स्थित चिहानडाँडा पानीघाट सामुदायिक वन उपभोक्ता समूहसमेत*

निवेदन दावीमा उल्लिखित जग्गा निवेदकको नाउँमा दर्ता स्रेस्ता कायम भएको नदेखिनुको साथै निवेदकले उक्त जग्गाको दर्ता सम्बन्धमा प्रचलित कानूनबमोजिमको उपचारको मार्ग अवलम्बन गरी सम्बन्धित निकायमा कारवाहीसमेत चलाएको पनि देखिन आएको छैन । त्यसकारण निवेदन दावीको जग्गा क्षेत्रीय किताब फिल्डबुकमा पर्ति जनिएको निवेदकसँग उक्त जग्गाको हकाधिकारको प्रमाण पनि नभएको

र सो जग्गामा निजको भोगाधिकार रहेको भन्ने कुराको विश्वासलायक प्रमाणसमेत निवेदनमा देखाउन नसकेको स्थितिमा निवेदन मागबमोजिम असाधारण अधिकारक्षेत्र ग्रहण गरी प्रतिषेधको आदेश जारी गर्ने कुरा औचित्यपूर्ण नहुनाले विपक्षीहरूसँग लिखित जवाफसमेत मगाइरहनु परेन । निवेदन खारेज हुने ।
इजलास अधिकृतः जगन्नाथ पौडेल
इति संवत् २०७१ साल वैशाख २ गते रोज ३ शुभम् ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री गिरिश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RE-०१७६, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. सागर भण्डारीसमेत*

पीडितको घा जाँच केस फारामबाट मर्नसक्नेसम्मको चोट देखिएको, प्रतिवादीहरूका विरूद्धमा किटानी जाहेरी परेको र यिनै प्रतिवादीहरूको खुकुरी, तरबार प्रहारबाट पीडितहरू घाइते भएको भन्नेसमेत एकै व्यहोराको मुकुन्द कवरसमेतले गरिदिएको घटना विवरण कागजबाट समेत प्रतिवादीहरू सागर भण्डारी र सन्तोष हमाललाई मुद्दा पुर्पक्षको निम्ति थुनामा राख्नुपर्ने देखियो । अतः निज प्रतिवादीहरूलाई मुद्दा पुर्पक्षको निम्ति थुनामा राख्ने गरी भएको दाङ देउखुरी जिल्ला अदालतको मिति २०७०।७।२९ को आदेश बदर गरी प्रतिवादीहरूलाई साधारण तारिखमा राख्ने गरी भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।८।२० को आदेश मिलेको नभई बेरीतको देखिँदा बदर हुने ।
इति संवत् २०७१ साल कात्तिक १४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०- RE -०२४०, ००५८, ज्यान मार्ने उद्योग, *आशिष पराजुली वि. नेपाल सरकार, पुजन महर्जन वि. नेपाल सरकार*

निवेदक आशिष पराजुली आरोपित कसुरमा अधिकारप्राप्त अधिकारी र सुरू अदालतमा इन्कारी रही बयान गरेको, आरोपित कसुरमा निजको संलग्नता रहे भएको कुरा पीडित जाहेरवाला र बुझिएका मानिसको व्यहोरासमेतका तत्काल प्राप्त प्रमाणहरूबाट तथ्ययुक्तरूपमा समर्थित भएको नपाइएकोले निज आशिष पराजुलीलाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी भएको ललितपुर जिल्ला अदालतको मिति २०७०।९।१४ को आदेशलाई सदर गर्ने गरी भएको त्यस अदालतको मिति २०७०।१२।७ को आदेश सो हदसम्म रीतपूर्वक नभएकोले बदर गरिदिएको छ । अतः यी निवेदक प्रतिवादी आशिष पराजुलीलाई अन्य मुद्दामा थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दामा मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम साधारण तारिखमा राखी मुद्दा पुर्पक्ष गर्नू ।
इति संवत् २०७१ साल कात्तिक ५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-AP-००६७, अंश दपोट, *ज्योतिकाजी सेलालिक वि. दानरत्न सेलालिक*

यिनै वादी प्रतिवादी भै चलेको अंश चलन मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको कारणबाट मात्र कुनै मुद्दा मुलतबी रहने कुरा मुलुकी ऐन, अ.बं. १२ मा रहे भएको पाइँदैन । सो मुद्दामा फैसला नभै यस मुद्दामा किन फैसला गर्न नमिल्ने हो सोको आधार र कारण भएमा मात्र मुलतबी राख्न सकिने कुरा मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १२ नं. मा व्यवस्था रहेकोमा त्यस्तो आधार नै नखुलाई प्रस्तुत मुद्दालाई मुलतबीमा राख्ने गरी भएको आदेश मिलेको नदेखिँदा बदर हुने ।
इति संवत् २०७१ साल असोज ३१ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०२८४, उत्प्रेषण, *उमेश फुँयाल वि. गृह मन्त्रालयसमेत*

हेप्पी आवर प्रा.लि.ले व्यवसाय सञ्चालन गर्न अन्तरिम आदेश भैरहेकोमा सो प्रा.लि. र निवेदकबीच २०६९।३।१ मा १० वर्षसम्म व्यवसाय सञ्चालन गर्न करार भएकोमा सो करार बदर नभै कायम नै रहेको स्थितिमा निवेदकलाई करारअनुसारको व्यवसाय गर्न रोक लगाउनु पर्ने अवस्था नरहेको र हेप्पी आवर प्रा.लि.सँग विभिन्न मितिमा करारनामा गरी व्यवसाय सञ्चालन गरिरहेको प्रमोद भट्टराई र सुनिलकृष्ण श्रेष्ठ निवेदक भएको क्रमशः ०७१-WO-०२९६ र ०७१-WO-०२७० को उत्प्रेषण रिटमा समान प्रकृतिको विषयवस्तु समावेश भएकोमा यसै अदालतबाट निवेदकहरूलाई व्यवसाय सञ्चालन गर्न दिनु भनी मिति २०७१।६।३० मा अन्तरिम आदेश जारी भएको देखिएको समेतका कारणबाट हेप्पी आवर प्रा.लि.ले प्राप्त गरेको मिति २०७१।४।१५ को अन्तरिम आदेशको निरन्तरता हुँदासम्मको अवधिका लागि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अर्को आदेश नभएसम्म निवेदकले आफूले लगानी गरी सञ्चालन गरेको व्यवसाय नरोक्नु नरोकाउनु भनी यो अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७१-RE-०००१, उत्प्रेषण/परमादेश, *दानमाया राई वि. काठमाडौं जिल्ला अदालतसमेत*

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(३) बमोजिम रजिस्ट्रारले संवैधानिक वा कानूनी प्रश्न समावेश भएको कुरामा दरपीठ गर्न नमिल्नेमा सो विपरीत कानूनी प्रश्नमा बोली दरपीठ गरेको देखिएकोले यस अदालतका रजिस्ट्रारबाट मिति २०७१।२।२६ मा भएको दरपीठ आदेश त्रुटिपूर्ण देखिँदा बदर हुने ।

इति संवत् २०७१ साल कात्तिक १४ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-०२८६, उत्प्रेषण, *लाक्पा तामाङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

निवेदक ककलिङ उच्च माध्यमिक विद्यालय, सिन्धुपाल्चोकको सञ्चालक समितिको अध्यक्ष पदमा विधिवत् निर्वाचित भएको देखिएको र विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निज निवेदक कर्तव्य ज्यान मुद्दामा सजाय पाएको व्यक्ति भएकोले शिक्षा नियमावली, २०५९ को नियम २९(ङ) बमोजिम निजलाई काम गर्न रोक नलगाएको देखिएको छ । उक्त नियम २९(ङ) मा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति भन्ने उल्लेख रहेको परिप्रेक्ष्यमा कर्तव्य ज्यान मुद्दामा सजाय पाएको विषय नैतिक पतन देखिने फौजदारी कसुर हो होइन भन्ने विषयमा पछि रिट निवेदनको टुङ्गो लागेको अवस्थामा विचार हुने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।४।२८ को निर्णय कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले प्रस्तुत रिटको टुङ्गो नलागेसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।४।२८ को निर्णय र सो निर्णयका आधारमा जारी गरेको मिति २०७१।४।२९ को पत्रसमेत कार्यान्वयन नगर्नु नगराउनु, निजलाई अध्यक्ष पदमा यथावत् काम गर्न दिनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१)

बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-०२८१, उत्प्रेषण, *धर्मेन्द्रकुमार खिड्हरि वि. पुनरावेदन अदालत, जनकपुरसमेत*

निवेदकले आफ्नो हकभोगको गाउँ ब्लकको घर जग्गा अरू व्यक्तिको लेनदेन मुद्दामा रोक्का राखेको भन्ने जिकिर गरेकोले गाउँ ब्लकभित्रको घर जग्गामा भोगको आधारमा नै हक हुने हुँदा त्यस्तो निवेदकको हकभोगको घर जग्गा अन्य व्यक्तिहरूको लेनदेन मुद्दाको फैसलाको आधारमा लिलाम भएमा निवेदकलाई अपूरणीय क्षति हुनसक्ने देखिँदा प्रस्तुत रिटको टुङ्गो नलागेसम्म उक्त घर जग्गा जे जस्तो अवस्थामा छ यथास्थितिमा राख्नु, यी निवेदक बाहेकका व्यक्तिहरूको लेनदेन मुद्दाको फैसलाबमोजिम लिलाम इत्यादि नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-०२९१, उत्प्रेषण, *नरेन्द्रबहादुर खत्री के.सी. वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

यसै जग्गाको विषयमा यस अदालतको संयुक्त इजलासबाट संवत् २०४९ सालको रिट नं. ३१३८ को नरेन्द्रबहादुर के.सी. विरूद्ध मालपोत कार्यालय, काठमाडौंसमेत भएको उत्प्रेषणको रिटमा मिति २०५१।४।१० मा भएको फैसलाबाट यी निवेदकको नाममा दर्ता भएकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०।१०।७ को निर्णयबाट निवेदकलाई अपूरणीय क्षति हुनसक्ने हुँदा प्रस्तुत रिटको टुङ्गो नलागेसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०।१०।७ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तिरम आदेश जारी हुने ।

इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली,** ०७१-WO-२७०, उत्प्रेषण, *सुनिलकृष्ण श्रेष्ठ वि. गृह मन्त्रालयसमेत*

विपक्षीमध्येका ह्याप्पी आवर प्रा.लि. काठमाडौंले यसै अदालतमा दर्ता गरेको ०७१-WO-००२५ मिति २०७१।४।१४ को निवेदनबाट विपक्षीमध्येको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७१।१।५ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम २०७१।४।१५ मा भएको अन्तरिम आदेश यथास्थितिमा रहेको र विपक्षी ह्याप्पी आवर प्रा.लि. र यी निवेदकका बीचमा मिति २०६९।२।१ मा करार भई ८ वर्षको लागि व्यवस्थापकीय जिम्मेवारी यी निवेदकले प्राप्त गरेकोमा विवाद देखिएन । इजाजतपत्रको नवीकरण दस्तुर अरू नेपाल सरकारसँगको सहमति तथा कानूनले तोकेको कार्य भए नगरेमा विपक्षी ह्याप्पी आवर प्रा.लि. ले बहन गर्नुपर्ने दायित्वका सम्बन्धमा नेपाल सरकार नागरिक उड्डयन मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयका तर्फबाट आफूलाई असर परेको विषय भएमा उपचारको मार्ग आउने बाटो खुला रहेको नै देखिन्छ । तथापि मिति २०७१।४।१५ मा भएको अन्तरिम आदेशले निरन्तरता पाइरहेको परिप्रेक्ष्यमा सोही अन्तरिम आदेशबाट विपक्षी सिर्जित व्यवसाय गर्न पाउने छुटमा त्यही व्यवसाय गर्न प्राप्त गरेको हकले सिर्जना गरेको करारले यी

निवेदकलाई पनि आफूले लगानी गरेको वित्तीय व्यवस्थापनबाट वञ्चित गर्दा मर्का पर्न नजाने भन्न मिल्ने हुँदैन । साधारणतः करारीय दायित्वको विषयमा यस अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गर्दैन । तर प्रथम पक्षले प्राप्त गरेको अनुमतिले व्यवस्थापकीय पक्ष यी निवेदकले प्राप्त गरेको अवस्थामा अनुमति प्राप्त गर्ने पक्षले गरेको सम्झौताको पालना गर्ने दायित्व दुबै पक्षमा रहने भएकोले व्यवसाय सञ्चालन गर्न पाउने हकमा दुबैको बीच अन्योन्याश्रित सम्बन्ध रहन जाने र प्रथम पक्षको अनुमतिलाई नतिजामूलक बनाउन दुबैको बराबरी दायित्व हुन जाने भएकाले जुन अनुमतिले सुविधा प्राप्त गरेको हो, त्यही अनुमतिले व्यवस्थापकीय पक्षको जिम्मेवारी यी निवेदकले पाएको देखिँदा दुबैमा व्यवसाय गर्न पाउने संवैधानिक हक रहेको मान्नुपर्ने हुन्छ । जहाँसम्म कानूनमा संशोधन भई प्रथम पक्षले पालना गर्नपर्ने दायित्वमा परिवर्तन भएमा त्यसमा असर पर्ने पक्षलाई उपचार खोज्ने हक सुरक्षित नै रहेको हुन्छ । सुविधा सन्तुलनको दृष्टिकोणबाट हाल अन्तरिम आदेश जारी गर्न इन्कार गर्न सकिने अवस्था नभएकोले विपक्षीमध्येको ह्याप्पी आवर प्रा.लि.ले प्राप्त गरेको मिति २०७१।४।१५ को अन्तरिम आदेशको निरन्तरता हुँदासम्मको अवधिका लागि निवेदकले पनि सोको सुविधा पाउने देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अर्को आदेश नभएसम्म निवेदकले आफूले लगानी गरी सञ्चालन गरेको व्यवसाय नरोक्नु नरोकाउनु भनी यो अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल असोज ३० गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०७१-WO-२६९, उत्प्रेषण, *प्रमोद भट्टराई वि. गृह मन्त्रालयसमेत*भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०२३३, उत्प्रेषण, *महेश शर्मा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत*

निवेदक धनबहादुर खत्रीसमेत भएको ०७१-WO-०२२६, निवेदक चन्द्रा भारती भएको ०७१-WO-०२१२ तथा निवेदिका राधिका पनेरूसमेत भएको ०७१-WO-०२११, को उत्प्रेषणयुक्त परमादेशको निवेदनमा अन्तरिम आदेश जारी भएको देखिए पनि निवेदक करारमा नियुक्त भएका र करारीय हकाधिकारसम्बन्धी विषयमा लामो समयसम्म अन्तरिम आदेशको निरन्तरता हुनु मनासिब नहुने भएकोले यथाशीघ्र टुङ्गो लाग्ने गरी प्रस्तुत मुद्दालाई अग्राधिकार दिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयानुसार मध्यपश्चिमाञ्चल विश्वविद्यालयको मिति २०७१।५।१५ को रकम जम्मा गर्ने र मिति ०७१।५।२२ को नियुक्ति रद्दसम्बन्धी पत्र तत्काल कार्यान्वयन नगर्नका लागि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल असोज २३ गते रोज ५ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति